नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका | First Nepalese Newspaper in Japan | 日本初ネパール語の新聞

वर्ष ७, अंक १६, २०७२ जेठ २ - १७, मूल्य : १०० येन

Vol. 7, No. 16, May 16-31, 2015, Price : ¥ 100

५ | **सम्पन्नताले अल्छी बनाउँछ**

जापानमा हरेक क्षेत्रमा अवसरै अवसर छ, हरेक समय नयाँ कुरा सिक्ने प्रयास गर्नुहोस्

४ | **गोरखाका २२ गाउँ अन्यत्र सार्ने प्रस्ताव**

पहिरोको उच्च जोखिममा रहेकाले दुई हजार ३१४ घरधुरीलाई तत्काल अन्यत्र स्थानान्तरण गर्न माग

३ | **रोजगारमा लाग्ने युवाको संख्या सन् २००८ पछिकै उच्च**

Across · No.1 TRAVEL BY H.I.S.

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

CATHAY PACIFIC (NARITA) ¥41,000~ (ONE WAY) ¥65,000~ (2 MONTH FIX) ¥81,000~ (2 MONTH FIX OPEN)

CATHAY PACIFIC (HANEDA) ¥44,000~ (ONE WAY) ¥68,000~ (2 MONTH FIX) ¥84,000~ (2 MONTH FIX OPEN)

CHINA EASTERN AIRLINES ¥26,500~ (6 MONTH FIX OPEN) ¥20,300~ (ONE WAY)

CHINA SOUTHERN AIRLINES ¥78,000~ (3 MONTH FIX OPEN)

SINGAPORE AIRLINES ¥80,000~ (1 MONTH FIX OPEN)

THAI AIRWAYS ¥40,000 (1 MONTH FIX)

MALAYSIAN AIRLINES (NARITA) ¥1,06,000~ (6 MONTH FIX OPEN) ¥75,000~ (ONE WAY) (FUEL SURCHARGE INCLUDED)

ETIHAD AIRWAYS ¥35,000~ (One Way) ¥53,000~ (1 MONTH FIX OPEN)

QATAR AIRWAYS (HANEDA) ¥47,200~ (35 DAYS FIX OPEN)

AIR INDIA ¥61,000~ (1 MONTH FIX OPEN) ¥66,000~ (3 MONTH FIX OPEN) ¥42,000~ (ONE WAY)

KOREAN AIRLINES ¥46,000~ (1 MONTH FIX OPEN) ¥62,000~ (3 MONTH FIX OPEN)

विस्तृत जानकारीको लागि

- Rikesh Maharjan -Juma Maharjan -Tenzin Kunga

080-4794-4065 (SoftBank) 03-6871-9261

Business Hour [Mon.-Fri.] 10:00-19:00 [Sat./Sun. national holiday] 11:00-18:00

Tsushima Bldg.4f 2-27-5 Hyakunincho Shinjukuku Tokyo 169-0073 Japan

"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"

his552d@his-world.com http://www.no1-travel.com

'पहिरोले झन् ठूलो विपद् निम्त्याउँदैछ'

❑ नेस डेस्क, टोकियो

सभासदका कुरा

अग्निप्रसाद सापकोटाको नाम जिल्लामा राजनीतिज्ञभन्दा अगाडि शिक्षासेवीले चर्चित थियो । सिन्धुपाल्चोकको जनजागृति माविको प्रधानाध्यापक छाडेर पूर्णकालीन राजनीतिक कार्यकर्ता हुनुभएका सापकोटाले सूचना तथा सञ्चार मन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ । सिन्धुपाल्चोक क्षेत्र नं. २ बाट दोस्रोपटक संविधानसभा सदस्य रहनुभएका सापकोटा एमाओवादी स्थायी समिति सदस्य हुनुहुन्छ । महाभूकम्पले सबैभन्दा ठूलो प्रभाव पारेको सिन्धुपाल्चोकको जनप्रतिनिधिका हैसियतमा उद्धार, राहत र पुर्नस्थापनाका विषयमा गरिएको कुराकानीको सम्पादित अंशः

● भूकम्पले सबैभन्दा धेरै प्रभावित सिन्धुपाल्चोकमा उद्धार, राहत र पुर्नस्थापनाका कामहरु कसरी भइरहेका छन् ?

बाँकी पृष्ठ ४ मा

महाभूकम्पपछिः

राहत जुटाउन यसरी होमिए जापानका नेपाली

❑ नेस डेस्क, टोकियो

बैशाख १२ को महाभूकम्पपछि जापानको नेपाली समुदाय यतिधेरै तरंगित भयो कि त्यति यसअघि कहिलै भएको थिएन । भूकम्पको घटना जानकारीमा आउँदा

बाँकी पृष्ठ ६ मा

महाविपत्तिमा के गर्दैछन् ठूला दल ?

❑ नेस डेस्क, टोकियो

महाभूकम्पले निम्त्याएको प्राकृतिक विपत्तिमा सुरुमा केही सुस्त देखिएका राजनीतिक दलहरूले अहिले कार्यकर्ता परिचालन तीब्र बनाएका छन् । कार्यकर्ता परिचालनमा सत्तारूढ र विपक्षी दलसमेत सक्रिय भएका छन् ।

काँग्रेसले वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट पीडित जनताको उद्धार, राहत तथा पुनःस्थापनाका काममा सक्रिय भएर लाग्न आफ्ना नेता र कार्यकर्तालाई निर्देशन दिएको छ ।

'हिमाल-पहाड-तराई योगदान, विपत्तिको सामना गर्न हामी गर्छौ श्रमदान' भन्ने मूल नाराका साथ काँग्रेसले भूकम्पबाट कम प्रभावित जिल्ला र गाउँ नगरबाट भूकम्प प्रभावित जिल्लाका गाउँ/नगर/वडामा गई श्रमदान गर्न निर्देशन दिएको हो ।

बाँकी पृष्ठ ६ मा

Global Trust Networks

GTN मोबाइलको युगान्तकारी उदय

GTN मोबाइल भएमा सस्तो र भरपर्दो ! जापानमा रहनुभएको विदेशीहरुको सेवामा समर्पित !!

GTN मोबाइल इन्फिनिटी प्लान भ्वाइस+डाटा कम्युनिकेसन

मासिक शुल्क 3,280円~ कर बाहेक

sms गरेको न्युनतम शुल्क १५०एन

• कम्युनिकेशन प्रकार ३ G / LTE • कन्ट्याक्ट अवधि ६ महिना

• कन्ट्र्याक्ट अवधि ६ महिना भित्रमा क्यान्सल गर्नु परेमा ९५००एन लाग्ने छ

• मासिक शुल्क संगै ३०००प्रारम्भिक कर्यालयिक चार्ज को रुपमा लिइनेछ

GTN मोबाइल एक्सप्रेस प्लान डाटा कम्युनिकेसन प्रयोगको लागि

2GB मासिक शुल्क 1,280円~ कर बाहेक

6GB मासिक शुल्क 2,480円~ कर बाहेक

4GB मासिक शुल्क 1,980円~ कर बाहेक

9GB मासिक शुल्क 3,380円~ कर बाहेक

sms न्युनतम शुल्क १५०एन /sms

• जापानभरि docomo नेटवर्क एरियाभित्र प्रयोग गर्न सकिने

ग्लोबल ट्रस्ट नेटवर्कस कम्पनि

टोक्यो सिन्ज्युकु ह्याकु निनच्यो 1-16-15 कुरेरु सिन्ज्युकु ६ तला

फोन बाट जानकारी लिन सकिने जापानी भाषा नजाने पनि चिन्ता गर्नु पर्दैन ! TEL.03-5332-8949 व्यावसायिक समय 10:00~18:00

इन्टरनेट बाटको फारम http://gtn-mobile.com

GTN MOBILE

विशेष छुटको ब्यवस्था

उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरु चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरुका लागी हामीलाई सम्झनुहोस् ।

भारी छुटमा गुणस्तरीय काजु उपलब्ध छ ।

जापानमा तन्दुर तथा मसलाहरुको पहिलो थोक विक्रेता

सम्पर्कः

NAMASTE BOUEKI

Namaste Boueki Building, 3375 Nakashima, Shikamaku, Himeji-Shi, Hyogo, 672-8035

TEL: 079-231-4343 / MOB: 080-5343-6366 FAX: 079-231-4344

"नेपालीका लागि नेपालीबाटै"

फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु

कोठा तथा रेष्टुरेन्ट चाहिएमा

जापानका विभिन्न ठाउँमा काम चाहिएमा

(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)

इन्टरनेट जडान गर्नु परेमा

(विभिन्न उपहारका साथमा)

SoftBank

कम्प्यूटर चाहिएमा

(नयाँ तथा पुराना विभिन्न मोडलहरुमा)

सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा

(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरू सित्तैमा उपलब्ध गराईन्छ)

सिन्जुकु, इकेबुकुरो, सिनओकुबो, ताकादानोबाबा, नाकानो, कोयञ्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिबा, खानागावा, लगायत अन्य ठाउँहरु

GLOBAL HOME NETWORK

Global Home Network Co., Ltd.

Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305

*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)

Phone: 03-5937-6958 Fax: 03-5937-6959

Mobile: 080-6527-7429 (Paudel) 090-4542-1023 (Shibatha) 080-3158-5833 (Yoshida)

URL: globalhomejapan.com

E-mail: shiva_pkr@globalhomejapan.com

विशेषताहरुः

- अति नै सस्तो किमती भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्जट नहुने
- छिटो र छरितो

No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH

Discount Air Ticket Worldwide Shibuya Branch

हवाई-टिकटका लागि स्वर्णिम अवसर

"नम्बर वन ट्राभल"

विगत २५ वर्षदेखि यहाँहरुको सेवामा समर्पित "नम्बर वन ट्राभल" मा विशेष छुट सहित सस्तो र भरपर्दो हवाइ टिकट बिक्री भइरहेको छ।

Kathmandu *Round Trip*

JPY 24,600+TAX 06 Month fix open fix CHINA EASTERN AIR

JPY 46,000+TAX 01 Month fix open KOREAN AIRLINES

JPY 80,000+TAX 01 Month fix open SINGAPORE AIRLINES

JPY 78,000+TAX 03 Month fix open CHINA SOUTHERN AIR

JPY 53,000+TAX 01 Month fix open ETHID AIR

JPY 75,000 06 Month fix open No.1 travel Special Multiple Airlines

Kathmandu One Way

JPY 41,000+TAX One Way CHINA SOUTHERN AIR

JPY 35,200 One Way ETIHAD AIR

३ महिना, ६ महिना र १ वर्षको पनि सस्तोमा छ। नेपालबाट जापान आउने टिकट पनि यहीबाट उपलब्ध छ।

Delhi/Bombay

JPY 53,000+TAX 03 Month fix open AIR INDIA

THAI AIR 40,000円 1 Month Fixed

〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan

Shibuya Contact: Dinesh KC 080-4142-4740 (SB), Raju Shrestha 070-1202-7068 (SB)

Bimala 080-4142-4741 (YOKOHAMA), Office: 03-3770-1381, Email: no1shb@alles.or.jp

"The Fare are excluding Airport Taxes and Fuel Surcharge"

"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"

आकर्षक उपहारहरूसहित इन्टरनेट सेवा

इन्टरनेट जडान गर्नुहोस्, ३२ इन्चको एलसिडी टिभी, वेभ क्यामेरा, अंग्रेजी भर्सनका नयाँ ल्यापटप कम्प्युटर, रुटर, टेलिफोन सेट लगायतका सामाग्री प्राप्त गर्नुहोस् ।

१. उपलब्ध गराईने सामानहरुको १ बर्षको वारेन्टी रहने छ ।

३. सामानहरुको सट्टामा आकर्षक नगद रकम उपलब्ध गराईने छ ।

४. नेपाली, जापानी, अंग्रेजी, हिन्दी लगायतका बिभिन्न भाषामा सेवा उपलब्ध छ ।

¥ 2,772 मा इन्टरनेट

with Laptop Computer, 32" LCD TV and Others

- High Speed Internet at cheapest price.
- English Version New Laptop with Web-Cam, Router and Telephone Set.
- Get attractive cash in order to laptor or accessories.
- We provide you full support.
- We serve you in Nepali, Hindi, English and Japanese languages.

Remember us for Best and Cheapest Renting Room/Office, Buying Flat/Mansion

सस्तोमा नयाँ भर्सनको कम्प्युटर लिन पाइने

सस्तो, भरपर्दो र बिना झन्झटका कोठाहरु भाडामा लिन वा किन्न परेमा हामीलाई सम्झनुहोस् ।

थप खुशीको खबर

सिमसहितको आइफोन फाईभ (iPhone 5) र सो भन्दा एडभान्स सफ्टबैंकका मोबाइल फोन उपलब्ध गराईन्छ । सिमसहितको प्रिपेड मोबाइल पनि उपलब्ध गराईन्छ ।

Advance Life Co. Pvt. Limited

169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 4-9-18 Azegami Seven Bldg 201

Tel: 03-6304-0537 Fax: 03-6304-0538 Mobile: 090-3590-1679 (Shrestha)

Mobile: 080-3159-3298 (sb), 090-4097-8715 (docomo) (Fukuda)

निःशुल्क रोजगार परामर्श सेवा

विद्यार्थी 就職活動 को लागि विशेष प्राथमिकताका साथै एइज्यु, तेइज्यु र डिपेन्डेन्टका लागि पनि परामर्श

आवेदनका लागि: http://www.bgplusmedia.jp/contact2/contact

कार्यक्षेत्र	स्टेशनको नाम	वर्गीकरण	समय	तलब
हस्पिटलको क्यानिटनमा भाँडा सरसफाई	कान्तो २५० भन्दा बढि क्षेत्रमा ठूलो संख्याको माग	पार्ट-टाईम	६:०० - ११:०० घण्टा सिफ्ट	९०० - १,२०० येन / घण्टा
मान्स्योन सरसफाई	टोकियो २३ वडा वरिपरि	पार्ट-टाईम	९:०० - १३:०० सिफ्ट तालिका	१,००० येन / घण्टा
याकिनिकु इजागाया	कोउजीमाची / इचिगाया	फुलटाईम SALARY MAN	लन्च / डिनर	२३- २८ मान येन
गल्फ रिजोर्ट	नागानो (बस्ने ठाँउको व्यवस्था भएको)	पार्ट-टाईम	दैनिक ८ घण्टा ६ महिनासम्म	१८ मान येन (लगभग)
स्वीट सप (प्रख्यात ओखासी सप)	हाराजुकु / किचिजोमेयोजी / सानगेनजाया / ताकादानोबाबा	फुलटाईम / पार्ट-टाईम	१०:०० - २३:००	१,००० येन/घण्टा २० मान येन
याकिनिकु इजागाया	सिन्जुकु	पार्ट-टाईम	१०:०० - २३:००	१,००० येन/घण्टा
याकिनिकु इजागाया	टोकियो एरिया (६४ भन्दा बढि पसलको लागि)	पार्ट-टाईम	१०:०० - २४:००	१,००० येन/घण्टा
खाराआगे बेन्तो पसल	आकिहाबारा	पार्ट-टाईम	१०:०० - १९:००	९०० येन/घण्टा
याकिनिकु (२ वर्षभन्दा बढि अनुभवी)	मेगुरो	फुलटाईम	११:०० - २६:३०	२५ मान येन
मेक्सिकन रेष्टुरेन्ट	हानजोमोन	पार्ट-टाईम (शनिबार / आइतबार बिहान)	१७:०० - २३:००	९०० येन/घण्टा (नगदमा)

पहिला सम्पर्क गर्ने र आवेदन दिनेलाई पहिलो प्राथमिकता, तुरुन्त सम्पर्क गर्नुहोला ।

BG JOB FINDER

302 Okano Bldg., 7-9-2 Roppongi, Minato-Ku, Tokyo

Mobile: 070-5583-2211, 080-3547-7711 FAX: 03-6441-2495

समुद्रपारि.com क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम www.samudrapari.com Log on Now

Published By:
GMT International Co., Ltd.
Tilak Malla
Chairman
Bhushan Ghimire
Editor
Dr. Bhupal Man Shrestha
Managing Director
2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

सम्पादकीय

राष्ट्र पुन:निर्माणमा साझा अवधारणा जरूरी

महाभूकम्प २०७२ ले गरेको विनाश र सिर्जना गरेको विपत्तिका अनेक दर्दनाक विवरणहरू एक महिना हुन लागिसक्दा पनि नियमित खवरहरू बनिरहेका छन् । मानवीय तथा भौतिक रूपमा भएका क्षति, भौगोलिक विकटता र बारम्बारका पराकम्पनहरूले खडा गरेको त्रास, भय र निकट भविष्यप्रतिको चिन्ताले आम जनजीवनलाई नराम्रोसंग प्रभावित पारिरहेको छ । महाभूकम्पले पुऱ्याएको क्षतिको समग्र अभिलेख तत्काल आउनसक्ने अवस्था नभए पनि यसको प्रतिकूल असरले नेपालको सम्पूर्ण पक्षलाई पक्षघातको स्थितिमा पुऱ्याएको छ । हजारौं व्यक्ति अझै उपचारको क्रममा छन् । लाखौं मानिस पालमुनी बास बसिरहेका छन् । कतिपय क्षेत्रमा उद्धार र राहत कार्य नै हुन नसकेको जानकारी आइरहेको छ । छिमेकी लगायत विश्वका अनेकौं मित्रराष्ट्रबाट उद्धार र राहत कार्यमा देखाएको तत्परता र मुलुकभित्रै नेपालीहरूका अगाडि बढेका सहयोगका हातहरूले उद्धार र राहत कार्यलाई गति दिइरहेका छन् । देशबाहिर भएका जापान लगायतका विभिन्न देशका गैरआवासीय नेपालीहरूले पनि आफू र कर्मभूमिका सहयोगी मनहरूलाई समेट्दै राहत संकलनमा जुट्ने र वितरणमा खट्ने काम गरिरहेका छन् । यति हुँदा हुँदै पनि उद्धार र राहत कार्यमा हाम्रो राष्ट्रिय क्षमता विकसित हुन नसकेको कटु यथार्थबोध यो पीडादायी समयले गराएको छ ।

सेना र प्रहरीबाट भएको उद्धार र राहत कार्य प्रशंसनीय बनेको छ । सरकारको व्यवस्थापकीय नेतृत्व क्षमताको कमिले सेना र प्रहरीले गरेको कामको जस लिन पनि सकिरहेको छैन । प्रशासनिक संयन्त्र र राजनीतिक दलका नेता कार्यकर्ताको परिचालन अत्यन्त कमजोर रहेको आम गुनासो छ । उद्धार र राहत कार्यका लागि जुटेको सहयोगको समानुपातिक वितरणका लागि पनि सरकार सक्षम नरहेको आलोचना भैरहेको छ । तर पनि सरकारकै पहलमा एकद्वार प्रणालीबाटै राहत कार्य, पुनःस्थापना र पुनःनिर्माणको महाअभियान चलाउनु सबै भन्दा उत्तम विकल्प हो । हामी सवै नेपाली एकजुट भएर सहकार्य गरौं र राष्ट्रिय संकटको सामना गर्ने क्षमता बढाऔं भन्ने हाम्रो चाहना हो । तर यसका निम्ति संयोजनकारी भूमिका निर्माण गर्ने र व्यस्थापकीय कुशलता प्रर्दशन गर्ने भनेको सरकारले नै हो ।

आगामी दिनमा नियमित भन्दा फरक गतिमा र फरक शैलीमा कार्यसम्पादन अघि बढाउन नसक्ने हो भने मुलुकको अवस्था निकै कमजोर हुने कुरामा कुनै शंका छैन । भैसकेको मानवीय क्षति फर्कन सक्दैन भन्ने सबैले बुझेका छन् । बचेका परिवारजनलाई अत्यावश्यक सरसहयोग र ढाडस स्वभाविक रूपमा अपेक्षित विषय हो । त्यसले दुख, पीडा सहेर चित्त बुझाउँदै जान उनीहरूलाई सहज हुनेछ । एक निमेषमा ध्वस्त भएका भौतिक संरचना र अन्य आर्थिक क्षतिलाई व्यवस्थित योजना र द्रुतगतिको कार्यदक्षताले मात्र परिपूर्ती गर्न सक्छ । अझ भनौं हिजोको अवस्था भन्दा धेरै राम्रो हुन सक्छ । नयाँ र समृद्ध नेपाल निर्माणको कुरा गरिरहेका हामीहरूलाई यो एउटा राम्रो अवसर पनि हुन सक्छ । चुनौतीले अवसरलाई पनि सँगै लिएर हिड्छ भनिएको त्यसै कारण हो । तर त्यसका निम्ति यो विशेष परिस्थितिमा विशेष रूपमा नै काम गर्ने जाँगर र इच्छा शक्ति चाहिन्छ । यो बेला राष्ट्रिय एकता मजबुत पारी आम रूपमा सहकार्यको संस्कार विकसित गर्नुपर्ने र राष्ट्रको नवनिर्माणको आकाङ्क्षा राखेर आन्तरिक सामर्थ्य नै प्रदर्शन गर्नुपर्ने अवस्था छ । यसका निम्ति राष्ट्रिय प्रतिबद्धता अपरिहार्य छ । अहिलेको सरकार र राजनीति नेतृत्वले त्यो देखाउन सकिरहेको छैन । विगतको जस्तै नियमित कार्यशैली र जे जति भए गरेका छन् त्यो नै पर्याप्त हो र त्यो भन्दा बढी गर्न सकिदैन भन्ने मनस्थिति भएकाहरूबाट देशले नयाँ गति लिने विषय त परै जाओस अहिलेको संकटको न्यूनतम व्यवस्थापन पनि सम्भव छैन । उत्साहहिन नेतृत्वबाट केही उपलब्धी हुन सक्दैन । राजनीतिक झिनाझम्टी र भागवण्डारूपी लुछाचुँडी भन्दा माथि उठ्न नसक्दासम्म मुलुक र जनताले अपेक्षित परिवर्तनको अनुभूति गर्न सक्ने सम्भावना छैन । तसर्थ तत्कालको राहत र उद्धारका कार्यलाई अघि बढाउँदै भूकम्पले अहिले क्षति पुऱ्याएका क्षेत्रमात्रै नभएर भूकम्प लगायत अरू प्राकृतिक प्रकोपको सामना गर्न सक्ने र मुलुकको सिंगो आर्थिक अवस्था माथि उठाउन सक्ने गरी साझा अवधारणा र त्यसको द्रुत कार्यान्वयन अहिलेको आवश्यकता हो ।

राष्ट्र पुनर्निर्माणसंग जोडिएका प्रश्न

विचार

डा. गोविन्दबहादुर थापा

जस्तोसुकै परिस्थितिमा पनि आफूलाई केन्द्रमा राखेर हेर्ने, ऐश–आरामको वर्गीय संस्कार भएको र दीनदु:खीलाई हेयको दृष्टिले हेर्ने र त्यहीबमोजिम व्यवहार गर्ने संस्कार बोकेकाहरुको आँखा कसैको पीडा देखेर रसाउँदैनन्, मर्माहत र भावविह्वल हुँदैनन् । यस्तो प्रकृतिका सत्तासीनहरुको मन बारपाक, लाप्राक, सिन्धुपाल्चोक, दोलखाका जनताको पीडा देखेर पग्लिँदैन र पग्लेन पनि ।

नयाँ वर्ष २०७२ को उत्साह सेलाउन नपाउँदै वैशाख १२, १३ र २९ गते आएका महाभूकम्प तथा पराकम्पनबाट यथार्थमा कति धनजनको क्षति भयो भन्ने कुरा फिल्डमै गएर विवरण संकलन नगरी किटानीसाथ भन्न सकिँदैन । अहिले सरकारका विभिन्न निकायबाट सार्वजनिक भएका आँकडा मोटामोटीमात्रै हुन् । आजसम्म पनि थप क्षतिको संख्या आउँदै गर्नु त्यसको उदाहरण हो । यतिखेर स्थानीय स्तरमा निर्वाचित प्रतिनिधिहरू भइदिएका भए यस्ता सूचना यथार्थपरक हुन्थे र छिटो पनि आउँथे । अहिले त्यहाँ सरकारी प्रतिनिधिका रूपमा खटाइएका गाविस सचिवमध्ये कतिपय सचिव खटाइएका ठाउँमा नगएको भन्ने खबर आइरहेका छन् । ती स्वयं पीडित भएर जान नसकेका हुन् वा कुनै ठूलो मान्छेको आडभरोसामा नगएका हुन्, भन्न सकिँदैन । त्यसैले देशभरिबाट क्षतिको यथार्थ विवरण आउन अझ केही समय पर्खनैपर्ने भएको छ ।

सहरमा भत्केका निजी घर ढिलोचाँडो सरकारको घोषित सहयोग र सहुलियतको ऋण लिएर पुनर्निर्माण गरिने नै छन् । भत्केका सरकारी घर र पुरातात्विक सम्पदा पुनर्निर्माणको दायित्व सरकारकै भएकोले तिनीहरूको पुनर्निर्माण सरकारको सक्रियतामा निर्भर हुनेछ । नेपालका पूर्ववत सरकार हरूको निर्माण, पुनर्निर्माण र विकासमा हालसम्म रहँदै आएको निष्क्रियता, सुस्ती र अलमललाई हेर्दा यी भत्केका सरकारी घर र सम्पदा निर्धारित समयमा बनिसक्लान् भन्ने कुरामा सन्देह छ । सरकारी घरहरू नै ठूलो संख्यामा भत्किएकाले काम चलाउनैका लागि पनि सरकारको ध्यान पहिले तिनै घरको मर्मत र पुनर्निर्माणमा जानु स्वाभाविक हुन्छ । ठूलो संख्यामा भत्केका सरकारी विद्यालय सरकारी सहयोगमा स्थानीय अभिभावकले ढिलोचाँडो मर्मत र पुनर्निर्माण गर्नेछन् । बरू सरकारी सहयोग समयमै पुग्न सके विद्यालयको मर्मत र पुनर्निर्माण केही छिटो हुन सक्ने थियो । यसका लागि वित्तीय साधन जुट्न सके पनि दक्ष जनशक्ति अभाव गम्भीर ढंगले खड्किनेछ ।

मध्यनेपालका पहाडी जिल्लामा निजी घरहरू व्यापक मात्रामा भत्केकाले त्यहाँका जनताको जीवन साँच्चिकै कष्टकर भएको छ । गोरखा जिल्लाका उत्तरी भेगका बारपाक, लाप्राकलगायतका गाउँ, सिन्धुपाल्चोकका विकट गाउँहरू २ ९ गतेको भूकम्पीय धक्काबाट दोलखाका कतिपय दुर्गम गाउँमा एउटै घर ठाडो नरहेको भनिन्छ । त्यस्ता गाउँका जनताले भोकभोकै खुला आकाशमुनि कति रात बिताए र अझै कति रात त्यसरी नै बिताउनुपर्ने हो, थाहा छैन । त्यसमा परेका सबैको उद्धार हुन सक्यो/सकेन, राहत पुग्यो/पुगेन, यसै भन्न सकिँदैन । सरकारले उद्धार र राहतको चरण लगभग समाप्त भएकोले अब पुनर्निर्माणको चरण सुरू भयो भनेको छ । पुनर्निर्माणको कुरा गर्दा कसै-कसैले बृहत योजना र बृहत पुनर्निर्माण अभियान सञ्चालन गरी व्यवस्थित वस्ती विकास गर्दै विकासमा छलाङ मार्नेसम्मका कुरा गर्दैछन् । तर, नेपालको राजनीतिक संस्कार र भूकम्प प्रभावित गाउँ-ठाउँको भूकम्पपछिको वस्तुगत अवस्थाको आंकलन गर्दा नेपालमा त्यस्तो केही होला भन्ने लाग्दैन ।

घर भत्केका मानिसहरूले केहीलाई छाडेर आफ्नो ठाउँ छोडेका छैनन् । चौबीसै घण्टा उनीहरू त्यहीं छन् र उनीहरूले हात बाँधेर बसेका पनि छैनन् र बस्ने कुरा पनि भएन । घर भत्किएको हो, आगलागीले सबै सामाग्री नष्ट भएको होइन । त्यसैले घरका सामान त्यहीं छन् । सबै एकै ठाउँमा मिसिएको मात्र हो । ढुंगा केही हुने कुरै भएन, छाना, झ्याल र ढोका केही काम नलाग्ने भए पनि केही त पक्कै काम लाग्ने नै होलान् । माटो खोज्न कतै जानु परेन, वस्ती भएपछि पानी हुने नै भयो । त्यसैले वर्षातको त्रास र तत्काल ओत लाग्नुपर्ने बाध्यताले प्रभावित परिवारहरू माथि तत्काल गुजारा चलाउन जे-जस्तो सम्भव हुन्छ, बास नबनाई नहुने बाध्यता परेको छ । कतिपय ठाउँमा यो प्रक्रिया सुरू पनि भइसकेको कुरा सञ्चारमाध्यममा सचित्र आइरहेका छन् । स्थानीय विकास मन्त्रालयले पनि यही प्रक्रियालाई अगाडि बढाइरहेको छ । अब छिट्टै वर्षाले छोप्ने भएकाले खेतबारी सम्भव भएसम्म खनजोत गर्नैपऱ्यो, बाली लगाउनै पऱ्यो । अब कोही राहत लिएर आउने होइनन् । वर्षालगत्तै चाडबाड आउँछन् । चाडबाड मान्ने केही नबचे पनि दिनहरू त चाडबाडकै हुन्छन् । सरकारलाई झन् धेरै वर्षा लाग्छ र चाडबाड पनि झन् धेरै लाग्छ । बरू सरकारले दिने भनेको २५ हजार र २ लाख रूपैँयाँ वर्षा अगाडि नै उनीहरूको हातमा पार्न सके सबैभन्दा ठूलो गुन त्यही हुन्थ्यो ।

उता उद्धार र राहत पुऱ्याइएकै छ । घर मर्मत गर्न २५ हजार र पुनर्निर्माण गर्न २ लाख रूपैंयाँ दिने निर्णय गरिएकै छ । त्यसमाथि गाउँमा पुनर्निर्माणका लागि १५ लाखसम्म र सहरका लागि २५ लाख रूपैंयाँसम्मको सहुलियत ऋण दिने निर्णय पनि गरिएकै छ । यसरी सरकारको भित्री आशय पनि यतिका रकम दिएपछि सरकारले आफ्नो दायित्व निर्वाह गरेकै ठहरिन्छ, बाँकी कुरा जनताको आफ्नै हो भन्ने रहेको प्रतीत हुन्छ । पुनर्निर्माण गर्ने घरधनीलाई अदक्ष मजदुरलाई दिइने दरमा काम गरेको दिनको ज्याला दिने स्थानीय विकास मन्त्रालयको प्रक्रियाले पनि यस्तै संकेत दिन्छ । अब भूकम्पप्रभावित ठाउँमा गई त्यहाँको अवस्थाबारे रिपोर्टिङ गर्ने सञ्चारमाध्यमको गति पनि कम हुँदै जान्छ र केही कम भइसकेको पनि छ । यसरी रिपोर्टिङ कम हुँदै गएपछि सरकारमा पर्न जाने दबाब पनि कम हुनु स्वभाविक हो । हल्का दबाबलाई त यहाँ कसले पो टेर्ने गरेको छ र त्यसपछि दसैं-तिहारले छोप्छ, त्यहीबीचमा अर्को कुनै घटना घट्छ, नभए पनि संविधान बनाउने विषयमा विवाद बढ्छ, सबै त्यसकै पछि लाग्छन्, अनि पुनर्निर्माणको योजना त्यसै अलपत्र पर्छ । नेपालमा अहिलेसम्म हुने गरेको यस्तै हो ।

यसैबीच सर्वदलीय सरकार निर्माणको चर्चा सुरू भएको छ । शीर्ष नेतृत्व तहमा यो कुरा उठेपछि सरकारको नेतृत्व गरिरहेकाहरूमा ठूलै स्केलको भूकम्प गइसकेको हुनुपर्छ । यो चर्चाले जोर पक्डदै जाँदा सम्पूर्ण राजनीतिक र प्रशासनिक वृत्तको ध्यान पुनर्निर्माणको कार्यक्रमबाट हटेर सत्ता समीकरणमा आफ्नो स्थान सुरक्षित राख्नमा केन्द्रित हुनेछ । यसरी सर्वदलीय सरकार गठनको चर्चा सफलिभूत भए पनि, नभए पनि यो चर्चाले राजनीतिक दलहरू, सरकार र प्रशासन यन्त्रको एकाग्रचित्तमा व्यवधान ल्याइदिएको छ । अब उनीहरूको मनमा पुनर्निर्माणले लिएको स्थान खुम्चिँदै र सत्ताको स्थान विस्तारित हुँदै जानेछ । हुन त पुनर्निर्माणको निमित्त ल्याइएको संकल्प प्रस्तावको प्रभावकारी कार्यान्वयनका लागि सर्वदलीय सरकारको आवश्यकता परेको हो भन्न सकिने ठाउँ छ । तर, नेपालको राजनीतिक संस्कृतिलाई नियाल्दा जे नामको सरकार बने पनि निर्माण, पुनर्निर्माण र विकासको सन्दर्भमा त्यसले कुनै नयाँपन दिने आशा गर्न सकिँदैन । नानीदेखि लाएको बानी हो, 'वल्ड ह्याबिट डाई हार्ड' भन्छन् । त्यसमा एकाएक परिवर्तन आउने गुञ्जायस कमै हुन्छ ।

जनतालाई सुखसुविधा पुऱ्याउन दत्तचित्त भएर लाग्ने भन्ने कुरा आफूले अपनाएको राजनीतिको जीवनप्रतिको दृष्टिकोण, दीनदु:खीप्रतिको दृष्टिकोण र व्यवहार तथा वर्गीय संस्कारसँग सम्बन्धित कुरा हो । जस्तोसुकै परिस्थितिमा पनि आफूलाई केन्द्रमा राखेर हेर्ने, ऐश–आरामको वर्गीय संस्कार भएको र दीन दु:खीलाई हेयको दृष्टिले हेर्ने र त्यहीबमोजिम व्यवहार गर्ने संस्कार बोकेकाहरूको आँखा कसैको पीडा देखेर रसाउँदैनन्, मर्माहत र भावविह्वल हुँदैनन् । यस्तो प्रकृतिका सत्तासीनहरूको मन बारपाक, लाप्राक, सिन्धुपाल्चोक, दोलखाका जनताको पीडा देखेर पग्लिँदैन र पग्लेन पनि । त्यसैले ७.८ रेक्टर स्केलको भूकम्प र त्यसले गरेको व्यापक जनधनको क्षतिले सत्तासीनहरूमा 'जर्क' ल्याएको देखिएन । त्यसैले नेपालको निर्माण, पुनर्निर्माण र विकासमा रहँदै आएको चिप्लेकीरा गतिमा खासै सुधार आउने सम्भावनाको आधार भेटिँदैन । गत वर्षायाममा आएको बाढी–पहिरोबाट विस्थापित भएका दाङ र सुर्खेतका पीडितले अहिलेसम्म भोगिरहेको पीडाले यो निष्कर्षको साविति बयान गरिरहेका छन् ।

सरकार भूकम्पपीडितहरूलाई जे-जति राहत दिन तयार भयो र विदेशबाट जति राहत सामाग्री आयो, त्यसमा सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका छ । सञ्चारमाध्यमका प्रतिनिधिले जोखिम मोलेर भूकम्पले ध्वस्त पारेका ठाउँहरूमा गई त्यहाँको यथार्थ वस्तुस्थिति विश्वसामु सचित्र प्रस्तुत गरिदिए । त्यसबाट सरकारमाथि चर्को दबाब पऱ्यो र केही नगरी नहुने भयो । यस अर्थमा सञ्चारमाध्यमले आफ्नो भूमिका र जिम्मेवारी राम्रैसँग निर्वाह गरे भन्नुपर्छ । तर, समयसँगै घट्दै जाने नयाँ-नयाँ घटना, दुर्घटना सँगसँगै सञ्चारमाध्यमको बहँदै जाने विशेषता हुन्छ । उसले बिरलैमात्र पछाडि फर्केर हेर्छ । विगतका कैयौं घटना, दुर्घटनामा यस्तै भएको छ । त्यसो नहुँदो हो त दाङ र सुर्खेतका बाढीपीडितहरूले सरकारबाट राहत पाउन यो भूकम्प कुर्नुपर्ने थिएन । त्यसैले यो भूकम्पीय विनाश नवनिर्माणको अवसर पनि हो, यो पीडालाई शक्तिमा बदल्नुपर्छ । अब बृहत योजना र कार्यक्रम बनाई व्यवस्थित वस्ती विकास गरी नयाँ नेपाल निर्माण गर्नुपर्छ भन्ने कुरा सुन्दा र पढ्दा आकर्षक लाग्छ तर त्यसलाई व्यवहारमा उतार्ने सम्भावना माथिका कुराहरूको पृष्ठभूमिमा न्यूनतम छ । यी कुरालाई चरम निराशा र नकारात्मक सोचको अभिव्यक्ति ठानिएला । तर, यी अनुभव र इतिहासले सिद्ध गरेका निचोड हुन् । यस्तो नहोस् भन्ने कामना गरौं । प्रवृत्तिको क्रमभंगता भयो भने सबैका लागि राम्रै हुन्छ । जनताले सुखसुविधा पाउलान्, त्यो सन्तोषकै कुरा हुन्छ ।

रोजगारमा लाग्ने युवाको संख्या बढ्यो

❑ नेस संवाददाता, टोकियो

यस वर्षको मार्चमा आफ्नो पढाई सकेका मध्ये ९६.७ युवायुवतीहरू अप्रिल १ तारिख देखि रोजगारमा लागेका छन् । यो संख्या सन् २००८ को आर्थिक मन्दी पश्चातको सबैभन्दा बढि भएको र लगातार चौथो वर्षसम्म बृद्धि भएको स्रोतले जनाएको छ ।

सन् १९९७ देखि यस किसिमको तथ्याङ्क राख्न सुरू गरिएकोमा यस बर्षको अंक दोस्रो ठूलो अंक भएको पनि सम्बन्धित मन्त्रालयले जनाएको छ । सन् २००८ को अप्रिलमा नयाँ रोजगार सुरू गर्ने बिद्यार्थीहरूको हिस्सा ९६.९ प्रतिशत रहेको थियो । तर सोही बर्षको शरदमा

अमेरिकाको लेम्यान ब्रदर्स कम्पनीका कारण बिश्वब्यापी रूपमा आएको आर्थिक मन्दीका कारण रोजगारको दरमा कमी आएको थियो । यस बर्ष माध्यामिक बिद्यालय स्तर उतिर्ण गरी रोजगारमा लागेकाहरूको हिस्सा ९७.५ प्रतिशत रही पांचौ बर्षसम्म लगातार बृद्धि भएको पनि तथ्यांकमा उल्लेख छ । जापानी अर्थतन्त्रमा आएको सुधार संगै यहाँका ब्यवसायिक कम्पनीहरूले भर्ना गर्ने कर्मचारीको संख्यामा पनि बृद्धि भएको यसबाट प्रष्ट हुने बिश्लेषकहरूको धारणा रहेको छ । करिब ६२ वटा सरकारी तथा निजी युनिभसिर्टीहरूमा गरिएको सर्बेक्षणबाट सो तथ्याङ्क पत्ता लागेको हो । बताईएको छ । यस बर्ष अध्ययन सकेकाहरू मध्ये ४ लाख ११ हजार जनाले रोजगारका लागि आवेदन दिएकोमा ३ लाख ९७ हजार जनाले रोजगार पाएका हुन् । युनिभसिर्टीको अध्ययन सकेका मध्ये ९६.५ प्रतिशत छात्राहरू र ९६.९ छात्रहरूले रोजगारमा लागेका छन् ।

यामानोते र तोहोकु सिन्कान्सेनमा नि:शुल्क वाइफाई

❑ नेस संवाददाता, टोकियो

टोकियोलाई मुख्य केन्द्र बनाएर चल्ने रेलसेवा यामानोते लाइनको सबै स्टेशनहरूमा नि:शुल्क वाइफाइ सेवा सुरू भएको छ । यसका साथै टोकियो र उत्तरपूर्वी जापान जोड्ने द्रुत गतिको रेल सेवा तोहोकु सिन्कान्सेनमा पनि नि:शुल्क वाइफाइको ब्यवस्था गरिएको जापान रेल्वे जेआरले जनाएको छ । जापान सरकारले जापानभरिनै निशुल्क वाइफाई सुबिधा उपलब्ध गराउने योजना अनुसार तत्कालका लागि राजधानीका प्रमुख रेल स्टेशनहरूमा यो सेवा दिन थालेको हो । यसले गर्दा इन्टरनेट मार्फत जापानलाई संसारसंग जोड्ने काम गर्ने र पर्यटकहरूले सजिलै आवश्यक सूचना तथा जानकारीहरू लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ । जापान आउने पर्यटकको संख्या बर्षेनी बढ्दै गएको र यो संख्यालाई अझ बृद्धि गर्न पनि यस किसिमको सेवाले ठूलो भूमिका खेल्ने बताईएको छ । जापान रेल्वेले टोकियोका अन्य प्रमुख स्टेशन र सूचना केन्द्रहरूमा पनि नि:शुल्क वाइफाइ सेवा दिने योजना बनाएको छ ।

स्टेशनहरूमा उपलब्ध नि:शुल्क वाइफाई सेवा लिनका लागि एक पटक ईमेल ठेगाना दर्ता गरेर साइन-इन गर्नुपर्ने बताईएको छ । एक पटकको साइन-इनमा बढिमा ३ घण्टा नि:शुल्क वाइफाइ प्रयोग गर्न मिल्ने र एक दिनमा जति पटक पनि साइन-इन गर्न मिल्ने जेआरले जानकारी गराएको छ । बिशेष गरी बिदेशी पर्यटकहरूलाई सुबिधा दिने उद्देश्यले उक्त सेवाको बिस्तार बताइएको छ ।

रात्री स्कुलमा ८० प्रतिशत विद्यार्थी विदेशी

टोकियो – साधारण लेखपढ पनि नजान्ने ब्यक्तिहरूको लागि सञ्चालनमा ल्याईएका जापानका रात्री स्कुलहरूमा अध्ययन गर्ने बिद्यार्थीहरू मध्य ८० प्रतिशत भन्दा बढि बिदेशीहरू रहेको यहाँको शिक्षा मन्त्रालयले सार्बजनिक गरेको छ । सो संख्या जम्मा १ हजार ४९८ जना रहेको बताईएको छ ।

निम्न माध्यामिक तहसम्म अनिवार्य शिक्षा लिनुपर्ने ब्यवस्था भएकोले रात्री स्कुल सञ्चालन गरेर भए पनि मानिसहरूलाई लेखपढको ब्यवस्था गरिएको छ । यस्ता बिद्यालयहरू मध्ये करिब ४० प्रतिशतले बिदेशीहरूका लागि जापानी भाषाको पाठ्यक्रमको ब्यवस्था गरेको पाईएको छ । यस्ता स्कुलहरू बिदेशीहरू पनि भर्ना हुनका लागि सहज बनाउने शिक्षा मन्त्रालयको योजना रहेको र हरेक प्रान्तहरूमा यस्ता स्कुलहरू स्थपना गर्ने योजना रहेको पनि बताईएको छ । शिक्षा मन्त्रालयले गत सेप्टेम्बर देखि डिसेम्बरसम्म एक सर्बेक्षण गरी यस किसिमको धारणा अघि सारेको हो ।

हालसम्म टोकियो, ओसाका, ह्योगो लगायतका ८ प्रान्तहरूमा जम्मा ३१ वटा सामुदायिक रात्री स्कुलहरू सञ्चालनमा रहेका छन । जसमा कुल १ हजार ८४९ जना बिद्यार्थीहरू अध्ययनरत रहेकोमा ८१ प्रतिशत अर्थात १ हजार ४८९ जना बिद्यार्थी बिदेशी रहेको मन्त्रालय स्रोतले जनाएको छ । सन् २००० देखि २०१३ सम्म सो हिस्सा ७० प्रतिशतको हाराहारीमा रहेको थियो । संख्यात्मक आधारमा हेर्दा चाइनिज ७९९ जना, कोरियन २८४ जना, भियतनामी १०१ जना गरी एशियाली राष्ट्रका बिदेशीहरूको संख्या आधाभन्दा बढि रहेको छ । पछिल्लो बर्षहरूमा नेपालीहरू पनि रात्री स्कुलमा अध्ययन गर्ने क्रम बढ्दो रहेको पाइन्छ । कामको सिलसिलामा जापान आउने बिदेशीहरू र उनीहरूका परिवारहरू रात्री स्कुलमा जाने गरेका छन ।

यसरी रात्री स्कुलमा जाने कारणहरूमा जापानी भाषा बोल्न सक्ने हुनका लागि ३१ प्रतिशत, साक्षर बन्नको लागि २८ प्रतिशत तथा जापानी लेखपढ गर्न जान्नका लागि करिब ६० प्रतिशत रहेको छ । यस किसिमको बिदेशी बिद्यार्थीहरूको मागलाई ध्यान दिंदै जापानी भाषाको अभ्यास पाठ्यक्रम तथा बिशेष अध्यापकको ब्यवस्था गरिएका रात्री स्कुलहरू करिब ४० प्रतिशत रहेको बताईएको छ । यस्ता बिद्यार्थीहरू बढिरहेको परिप्रेक्ष्यमा सामुदायिक स्कुलहरू बाहेक पनि भोलेन्टियरहरूद्वारा सञ्चालित रात्री कक्षाहरू सञ्चालनमा रहेका छन । शिक्षा मन्त्रालयले गरेको यस पटकको पहिलो सर्बेक्षणबाट करिब ३ सय स्थानमा ७ हजार ४०० जना भन्दा बढिले रात्री कक्षामा आधारभूत शिक्षा लिईरहेको बुझिएको छ । हाल अनिबार्य शिक्षाको स्तर पूरा नगरेकाहरूको संख्या जापानमा करिब १ लाख २० हजार जना रहेको तथ्याङ्कमा जनाईएको छ ।

सुरक्षाको चिन्ता बन्यो, अमेरिकी विमान ओस्प्रे

टोकियो – पछिल्लो समयमा अमेरिकी बिमान ओस्प्रेको दुर्घटनामा बृद्धि भएपछि उक्त बिमानलाई जापानी भूमिमा ल्याउने कुरामा यहाँका जनताहरूले बिरोध जनाउँदै आएका छन । गत हप्ता पनि अमेरिकाको हवाईमा यु एस म्यारिन कर्पोरेसनको एक ओस्प्रे बिमान दुर्घटनाग्रस्त भएपछि जापानको हवाईक्षेत्रको सुरक्षा चासोको बिषय बनेको छ ।

बिशेषगरी अमेरिकी सैनिकहरूको क्याम्प भएका क्षेत्रहरूमा ओस्प्रेको आवागमन बढि हुने गरेको र जापानी सरकारले पनि ओस्प्रेको बिमान भित्र्याउने योजना बनाई रहँदा यहाँका

जनताहरू भने त्यसबाट असुरक्षित महसुस गरिरहेको समाचार हरूमा जनाईएको छ । तुलनात्मक रूपमा अमेरिकी सैनिकका कारण बिभिन्न समस्याहरू देखा परिरहेको ओकिनावा क्षेत्रमा ओस्प्रे बिमानका कारण पनि त्यहाँका जनताहरूको दैनिक जनजीवनमा नराम्रो असर परेको बताउंदै सो प्रान्तका गभर्नर ताकेसी ओनागाले पछिल्लो दुर्घटनाको कारण पत्ता लगाई सार्बजनिक नगरेसम्म ओकिनावाको आकासमा ओस्प्रे बिमान नउडाउन अपिल गरेका थिए । तर त्यसको वास्ता नगरी अमेरिकी सेनाको ओस्प्रे बिमान ओकिनावा स्थित अमेरिकी सैनिक क्याम्पमा आउने जाने क्रम रोकिएको छैन ।

गभर्नर ओनागाले अमेरिकी सेनासंग औपचारिक रूपमै पछिल्लो दुर्घटनाको कारण सार्बजनिक नगरेसम्म ओस्प्रे बिमानका सबै उडानहरू स्थगित गर्न माग गर्ने बताएका थिए । तर अमेरिकी सेनाले भने ओस्प्रे बिमान सुरक्षित भएको बताउंदै आएको छ । यहि आइतबारका दिन एम भी-२२ नाम गरेको ओस्प्रे बिमान हवाईमा दुर्घटना हुँदा १ जनाको मृत्यु भएको थियो भने २१ जना घाइते भएका थिए । टोकियोको बेसक्याम्प वरिपरिका ६ वटा नगरपालिकाका अधिकारीहरूले जापान सरकारसंग ओस्प्रेको बढ्दो दुर्घटना र उक्त बिमानको बारेमा जानकारी दिन अपिल गरेको छ भने सैनिक क्याम्प वरिपरिका बासिन्दाले ओस्प्रे भित्र्याउने योजनाको बिरोध गर्दै आएका छन् ।

गर्मीका कारण दुईको मृत्यु, ४८० अस्पतालमा

टोकियो – अत्यधिक गर्मीका कारण जापानमा मानिसहरूले ज्यान गुमाउने क्रम सुरू भएको छ । यहाँको अग्नी नियन्त्रण तथा बिपद ब्यवस्थापन बिभागले दिएको जानकारी अनुसार एक्कासी बढेको गर्मीका कारण एक साता भित्रमा २ जनाले ज्यान गुमाएका छन भने ४८० जनालाई अस्पताल भर्ना गर्नुपरेको छ । मृत्यु हुनेमा नागानो र आइची प्रिफेक्चरका बासिन्दाहरू रहेको सो बिभागले जनाएको छ । यहि मे ११ देखि १७ तारिखसम्ममा एक्कासी बृद्धि भएको जापानको तापक्रमका कारण यस्तो भएको हो । सो बिभागका अनुसार राजधानी टोकियो लगायत जापानको केहि भागहरूमा गत हप्ता ३० डिग्रीभन्दा बढि तापक्रम मापन गरिएको थियो । उक्त तापक्रम साधारणतया जुलाई महिनाको तापक्रम बराबर हो । क्षेत्रगत आधारमा हेर्ने हो भने सबैभन्दा बढि टोकियोमा ३९ जनालाई अस्पताल भर्ना गरिएको छ भने साइतामा र ओकिनावामा क्रमश ३७ र ३३ जनालाई अस्पताल भर्ना गरिएको छ । यि मध्ये आधाभन्दा बढि ६५ वर्ष माथिका मानिसहरू रहेको जनाईएको छ । मानिसको शरिरले थेग्न नसक्ने अवस्थामा एक्कासी आएको तापक्रम बृद्धिका कारण यस किसिमको दुर्घटना हुन गएको बिपद ब्यवस्थापन स्रोतले जनाएको छ । सो बिभागले आगामी दिनमा पनि यस किसिमको दुर्घटनाबाट बच्नका लागि हल्का कसरत गर्ने तथा प्रशस्त मात्रामा पानी पिउने र शरिरलाई सुख्खा हुनबाट बचाउन सर्बसाधारणलाई अनुरोध गरेको छ ।

CITY EXPRESS MONEY TRANSFER | SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE
सितैमा
पैसा पठाउन सकिने
- पहिलोचोटी नेपाल पैसा पठाउँदा सितैमा
(पुराना ग्राहकहरूको हकमा २०१४ सेप्टेम्बर ३० तारिखसम्म हाम्रो सेवा लिनु भई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नु भएका ग्राहकबर्गमा पनि यो सेवा लागू हुनेछ ।)
- ४ पटक नेपाल पैसा पठाएमा ५ औं पटक सितैमा
- यो सेवा २०१५ मार्च ५ तारिखदेखि लागू हुनेछ
दरभाउ बुझ्नका लागि: 080-3842-9995 (Softbank)
सस्तो, छिटो, भरपर्दो र बिना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunin-Cho 2-10-9, Shin-Okubo Initial House 2F
Tel.: 03-5925-4121, Fax: 03-5925-4122
Email: japan@ctxpress.co.jp, Web: www.cityremit.com
नेपाली भाषामा विस्तृत जानकारीको लागि: 090-6452-8932 (SB), 080-4659-1860 (SB)

सुपथ मुल्यमा रेष्टुरेन्टका सामानहरू
USED Refrigerator (1200*650*1890) Deep Freeze 1-Step, Freeze 3-Step ¥90,000～ Deep Freeze 2-Step, Freeze 2-Step ¥100,000～
USED Beverage Refrigerator 900*450*1900 ¥95,000～
USED Ice Machine 395*450*770 (25KG) ¥60,000～ 500*450*800 (35KG) ¥80,000～ 630*450*800 (45KG) ¥95,000～
USED Tableware Washing Machine ¥120,000～ ¥130,000～ ¥140,000～
USED Sink Machine (One Side) ¥10,000～
USED Gas Stove (3 Burners) ¥35,000～
NEW Restaurant Chair ¥4,900
NEW Restaurant Chair ¥4,900
USED Refrigerator (1200*600*800) Freeze 2-Step ¥50,000～ Deep Freeze 2-Step ¥80,000～ Deep Freeze 1-Step, Freeze 1-Step ¥80,000～
USED Refrigerator (1500*600*800) Freeze 3-Step ¥50,000～ Deep Freeze 1-Step, Freeze 2-Step ¥70,000～
USED Beverage Refrigerator 1200*450*800 ¥50,000～
USED Beverage Refrigerator 700*450*1380 ¥50,000～
USED Sink Machine (Two Side) ¥18,000～
USED Gas Stove 5 Burners ¥50,000～
Restaurant Table NEW ¥12,800～ USED ¥9,800～
Restaurant Table NEW ¥10,800～ USED ¥8,500～
रेष्टुरेन्टका पुराना सामानहरू बेच्नु परेमा हामीलाई सम्झनुहोस्
- नि:शुल्क लेखाजोखा गरिने
- ठूला साइजका फोहोरहरुको व्यवस्थापन गरिने
- काम नलाग्ने सामानहरुको व्यवस्थापन गरिने
- प्रयोग गरिएका किचेनका सामानहरु उच्च मुल्यमा खरिद गरिने
टोकियो, कानागावा, चिबा र साइतामा क्षेत्रहरूमा निःशुल्क डेलिभरीको व्यवस्था छ ।
Contact:
Kokuryu Shoji Co. Ltd.
SY Mansion 402, Sugamo 1-18-8, Toshima-Ku, Tokyo
(यामानोते लाईन सुगामो स्टेशन मिनामी गुचीबाट १ मिनेटको दुरीमा)
Tel : 03-6912-1859,
Fax : 03-6912-1020
Mobile : 080-3700-9888(SB), 080-3086-6213(SB)
तपाईको रेष्टुरेन्टमा आवश्यक पर्ने गुणस्तरीय सामानहरुका लागि हामीलाई सम्झनुहोस ।
Bank Detail : Mitsui Sumitomo Bank Sugamo Branch
Account No. : 7330894
Account Name : コクリュウショウジユウゲンカイシャ

पहिरोले झन्...

जुरेमा गएको पहिरोको एक वर्ष नपुग्दै सिन्धुपाल्चोकले महाभूकम्प सामना गर्नुपऱ्यो । महाभूकम्पको सर्वाधिक असरले जिल्ला नै थलिएको छ । वैशाख १२ गतेको भूकम्पपछि उद्धारको काम सकिनैलाग्दा फेरि २९ गतेको भूकम्पले झन् तहसनहस बनायो । दोस्रो धक्कापछि थपिएको उद्धारको काम जारी छ । राहत पुऱ्याउन कठिन भएको छ । उच्च लेकाली भागमा खाद्यान्न लैजान बाटो सुचारू भएको छैन । हेलिकोप्टरले मौसम प्रतिकुल बनेको छैन भनेर राहत लैजान मानेको छैन । कुइनेटो परेका जिल्लामा सरकारी टोलीसमेत पुग्न सकेको छैन । तर, सुगमका केही ठाउँमा भने राम्रैगरी राहत पुगेको छ । राहतमा असमान वितरण छ । त्रिपालसमेत पुग्न नसक्दा अस्थायी बसोबास पनि समस्या भएको छ । भग्नावशेष पन्छाउन टेन्टको आवश्यकता छ, त्यो पनि पुग्न सकेको छैन । उद्धार पूरा हुँदैछ, राहत पुग्न त पुगेको छ तर पर्याप्त छैन । धेरै काम व्यवस्थित गर्नुपर्ने छ ।

● सिन्धुपाल्चोकका भूकम्प पीडितलाई पुर्नस्थापना त्यहिँ गर्नुहुन्छ कि अन्यत्रै सार्नुहुन्छ ?

बस्ती सार्न युद्धस्तरमा काम गर्नुपर्ने देखिएको छ । भग्नावशेष पन्छाएर एक वर्षलाई अन्यत्रै आवासको व्यवस्था गर्नुपर्ने भएको छ । २९ गतेपछि झन् ध्वस्त भएकाले स्थानीय पीडितहरू त्यहाँ बस्न सक्ने अवस्था छैन । २० वटा गाविसका बासिन्दालाई वर्षा सुरु नहुँदै अन्तत्िर सार्नैपर्छ । अब ठूलो जोखिम पहिरो हो । कतिपय आफै पनि काठमाडौंको मुलपानीलगायतका ठाउँमा सरिसक्नुभएको छ भने बाँकीलाई तत्काले सार्नुपर्छ ।

● पूरै बस्ती सार्न सम्भव छ ?

सम्भव हुनैपर्छ । सम्भव नभए त्यहाँ बस्नै सकिंदैन । माङ्खालगायतका ठाउँमा मनसुन सुरू हुनेवित्तिकै पहिरोको जोखिम अवश्यम्भावी छ । हामीले सोच्दा नसोच्दै आफै सर्न सक्ने परिवार भक्तपुर, काठमाडौंलगायतका ठाउँमा सरिसकेका छन् । स्थिति निक्कै कहालीलाग्दो देखिएको छ । पहिरो बगेको छ । धाँजा फाटेको छ । टेक्ने जमिन नै बगेर सकिन्छ भन्ने त्रास छ । बस्ती सार्न असम्भव भन्ने सोचेर बस्ने अवस्था नै छैन ।

● उद्धार र राहत प्रभावकारी नभएको गुनासो पीडितहरुले गर्नुभएको छ ? तपाई महाभूकम्पपछि खटिनुभएको छ । स्थिति पीडितले भनेजस्तो नै हो ?

उद्धार र राहतमा सरकारी प्रयासहरू चित्तबुझ्दो हुन सकेन । साधन स्रोत सीमित भए पनि सरकारी संयन्त्रबीच समन्वय र समझदारी हुन सकेन । अहिले पनि कतिपय बिकट क्षेत्रका बासिन्दाले राहत पाउन सक्नुभएको छैन । समयमा उद्धार नहुँदा कतिपयको ज्यान गएको छ ।

● राजनीतिक दलबीच नै पीडितलाई राहत दिने विषयमा भागबण्डा भएको खबर साँचो हो ?

सुरूसुरूका दिनमा राजनीतिक दलका नेताले आफ्ना कार्यकर्ता च्याप्ने प्रवृत्ति देखियो । तर पीडित जनता भने एकै ठाउँमा देखिए । उनीहरूले रूखोसुखो बाँडेर नै खाए । सँगै बसौं, सबै बाँचौ भन्ने भावना जनतामा देखियो । एकै भावना भएका जनताका मिलनका अगाडि राजनीतिक दलको भागबण्डा लामो समय टिक्न सकेन । अन्ततः भागबण्डाको मनस्थिति नै न्यूनिकरण भयो ।

● सरकारी संयन्त्रको निष्पक्षतालाई लिएर तपाईंले पनि पटक-पटक गम्भीर विषय उठाउनुभएको छ ? कुन त्यस्ता सरकारी संयन्त्र थिए, जसले निष्पक्षता काम नराखी आफ्नो साख गिराए ?

सरकारी संयन्त्रमध्ये सुरक्षाकर्मीको पहल र प्रयास अत्यन्तै प्रभावकारी देखियो । तर, रेडक्रसजस्तो अन्तर्राष्ट्रिय संस्थाले निष्पक्षतामा देखाउन सकेन । रेडक्रसका पदाधिकारी निष्पक्ष देखिएनन् । उनीहरूका परिवारलेमात्रै राम्रा-राम्रा पाल पाउने अवस्था भयो । राहत वितरण पनि भद्रगोलजस्तो भयो । जसको पहुँच छ उसले गर्नेजस्तो देखियो । कोल्टो परेको छेउछाउका जनताले अहिले पनि अल्पकालीन राहत र अस्थायी बसोबासको सुविधा पाएका छैनन् । उद्धार र राहतले लय लिन थालेको थियो २९ गतेको धक्काले बनाएका योजना र व्यवस्था पनि भताभुंग भएको छ । मन्त्री र सचिवहरू बीच नै कार्यक्षेत्रको हानाथाप हुँदा त्यसको असर जिल्लासम्म पनि पुग्यो । अकर्मण्यताको स्थिति रह्यो । सानो सानो कुरामा पनि मतान्तर रहने अवस्था सिर्जना भयो ।

● सरकारी राहत प्रयासलाई कसरी लिनुभएको छ ?

सरकारले पीडितलाई राहत दिन जुन रफ्तारमा काम गर्नुपर्ने हो हुन सकेन । सम्भव भएको कुरामा पनि विदेशी सहयोगको मुख हेर्ने सरकारी प्रवृत्ति राम्रो भएन । अहिले पनि कतिपय भूकम्प पीडितले राहत पाउन सकेका छैनन् । पहिले जे भए पनि नयाँ बाली आउन ६ महिनासम्म पीडितहरूले कुर्नैपर्छ । त्यतिञ्जेल सरकारले राहतको व्यवस्था गर्नुपर्छ । सरकारले पनि तत्कालै अन्नको स्टोर तयार गर्नुपर्छ । खोलामा बाढी र पहिरो आउन सुरु गरेपछि फेरि अर्को विपत्ति आइलाग्ने निश्चित छ । त्यसअगाडि नै अन्नको भण्डारण र वितरणमा आवश्यक तयारी गरिहाल्नुपर्छ ।

● सिन्धुपाल्चोकले पटक पटक प्राकृत्तिक विपत्तिको सामना गरिरहनुपरेको छ । जुरेमा गएको पहिरोले धेरै धनजनको क्षति गरेको थियो । अहिले महाभूकम्पको सामना गर्नुपऱ्यो । जिल्लाको दीर्घकालीन विकासका योजनाहरु अब कसरी अगाडि बढाउनुपर्छ ?

भूकम्पपछि प्रधानमन्त्रीसहित विपक्षी दलका नेता र मधेसी पार्टीका शीर्ष नेता प्राकृतिक विपत्तिको केन्द्रविन्दु सिन्धुपाल्चोक जानुभएको थियो । त्यहाँ मैले स्पष्टरूपमा विकासको खाका प्रस्तुत गरेको थिएँ । महाभूकम्पको केन्द्र गोरखाको भए पनि त्यहाँ खास खास क्षेत्रमा मात्रै प्रभाव रह्यो । तर सिन्धुपाल्चोकमा ६८ गाविस र २ नगरपालिका नै ध्वस्त भयो । ९८ प्रतिशत घर बस्न सकिने अवस्थाका छैनन् । खोलानाला सुकेका छन् । अस्वभाविक परिदृष्य देखिएका छन् । भूबनोट पनि कमजोर छ । म प्राविधिक त होइन तर विज्ञहरूका अनुसार उच्च पहाडी र लेकाली भू-बनोट कमजोर छ । अब जिल्लाको वस्तुस्थितिबारे गहन अध्ययन गर्न दक्ष खालको टिम पठाउनुपर्छ । बारबारको प्रकोपले जिल्लालाई सताएको छ । जुरेले पनि यसअघि नै संकेत गरेको थियो । पछिल्लो भूकम्पले अब कुन स्तरको पहिरोको खतरा हुन्छ कल्पना गर्न सकिदैन । हामी बेखबरजस्तै भएका छौं । सरकारी तयारी भएको छैन । अवधारणा अनुसार ठोसरूपमा अध्ययन गरेर काम गर्न ढिला भएको छ । अब २४-२५ दिनमा मनसुन सुरु हुँदैछ । त्रासदीको खतरा छ । जिल्लाबासीले कुन स्केलको महाविपत्तीको सामना गर्नुपर्ने हो थाहा छैन । तसर्थ व्यक्तिगतभन्दा पनि सरकारी पहलमा तत्कालै आवश्यक योजनाहरू परिचालित गर्नुपर्ने आवश्यकता छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ अर्ब ४९ करोड

काठमाडौं - भूकम्पपीडितको सहायतार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तीन अर्ब ३९ करोड ८ लाख १६ हजार ८ सय १० रूपैयाँ संकलन भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार स्वेदश तथा विदेशमा रहेका विभिन्न गैरनाफामूलक सामाजिक संघसंस्था, व्यावसायिक प्रतिष्ठान, समाजसेवी, विदेशस्थित नेपाली दूतावासबाट उक्त रकम संकलन भएको हो । कोषमा स्वदेशका साथै विश्वका विभिन्न मुलुकबाट रकम प्राप्त हुने क्रम जारी छ ।

सेना परिचालन गर्न स्वीकृति

काठमाडौं - राष्ट्रपति डा. रामवरण यादवले मन्त्रिपरिषद्को सिफारिसमा आगामी असार मसान्तसम्म नेपाली सेना प्रयोग र परिचालन गर्ने स्वीकृति दिनुभएको छ ।

राष्ट्रपति यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४ को उपधारा (३) बमोजिम २०७२ साल वैशाख १२ गते शनिबारदेखि प्राकृतिक विपत्ति परेकाले नेपाली सेना परिचालन हुँदै आएकोमा असार मसान्तसम्म त्यसलाई निरन्तरताका लागि स्वीकृति दिनुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । सरकारले सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपतिलाई जानकारी नदिई सेना परिचालन गरेको थियो ।

विपत्तिमा चोर्ने २३ पक्राउ

काठमाडौं - भूकम्पले जनजीवन अस्तव्यस्त पारेको मौका छोपेर काठमाडौं उपत्यकाभित्र चोरी एवम् लुटपाटमा संलग्न २३ जनालाई प्रहरीले नियन्त्रणमा लिएर मुद्दा दर्ता गरेको छ । चोरी नियन्त्रण एवम् अनुसन्धान गर्न महानगरीय प्रहरी अपराध महाशाखाका अनुसार ४५ जनालाई नियन्त्रणमा लिई अनुसन्धान गरिएकामा २३ जनाविरूद्ध मुद्दा दर्ता गरिएको हो । २२ जनालाई सोधपुछ तथा प्रारम्भिक अनुसन्धानपश्चात् छाडिएको छ । उनीहरूको साथबाट ल्यापटप, मोबाइल, नगदलगायत सामग्री बरामद गरेको प्रहरीले जनाएको छ ।

बारपाकमा निःशुल्क इन्टरनेट

काठमाडौं - १२ वैशाखको विनाशकारी भूकम्पको केन्द्रविन्दु गोरखाको बारपाक गाउँमा निःशुल्क इन्टरनेट सुविधा सुचारू गरिएको छ । लुम्बिनी नेट प्रालि, वर्ल्डलिङ्क र रेडियो गोरखाको सहकार्यमा निःशुल्क इन्टरनेट सुचारू गरिएको हो । भूकम्पपीडित समक्ष सूचना पुऱ्याउनका लागि इन्टरनेट सुचारू गरिएको हो ।

सौर्य ऊर्जा मार्फत् इन्टरनेट सञ्चालन गरिएको प्रालिले जनाएको छ । रेडियो गोरखाको टावरमार्फत् बारपाकमा रहेको डिभाइसमा कनेक्ट गरेर इन्टरनेट सुचारू गरिएको हो । सदरमुकामदेखि १८ कोश टाढा रहेको पर्यटकीय गाउँ बारपाक विनाशकारी भूकम्पले ध्वस्त बनाएको छ । त्यहाँका एक हजार ४ सय घरधुरी विनाशकारी भूकम्पले भत्काएको छ भने ७० जनाको मृत्यु भएको छ ।

गोरखाका २२ गाउँ अन्यत्र सार्न प्रस्ताव

❑ नेस संवाददाता, काठमाडौं

जिल्ला दैवीप्रकोप उद्धार समिति गोरखाले १२ वैशाखको विनाशकारी भूकम्पको केन्द्रविन्दु बारपाक आसपासका विभिन्न २२ गाउँलाई बर्खाअघि नै अन्यत्र सार्न प्रस्ताव गरेको छ । ती गाउँका दुई हजार ३१४ घर अन्यत्र सार्नुपर्ने देखिएको छ ।

पहिरोको उच्च जोखिममा रहेका २२ वटा गाउँलाई तत्काल अन्यत्र स्थानान्तरण गर्नुपर्ने देखिएको जानकारी समितिका संयोजक तथा गोरखाका प्रमुख जिल्ला अधिकारी उद्धवप्रसाद तिमल्सिनाले दिनुभयो ।

बारपाक-२ मान्द्रेको कुँजेका १ सय घरलाई अन्यत्रै स्थानान्तरण गर्न प्रस्ताव

गरिएको छ । त्यस्तै, लाप्राकका ६ सय १५ घर, गुम्दा, सिङ्लाका २ सय, लप्सीबोटका १ सय र यमगाउँका ४३ घरधुरी, लापु, ठाँटीका २०, भीरकुनाका १ सय २५, पैटुका २० र खानीगाउँका ८० घरधुरीलाई पनि अन्यत्रै सार्न केन्द्रीय दैवीप्रकोप उद्धार समितिलाई अनुरोध गरिएको छ ।

मान्बु, धोरतका ५५ र श्यामचेत गाउँका १ सय ५० घर, सिर्दिवासको सानो फिलिमका २०, देबलका १५ घर, सिम्जुङ गाविसको पाल्तेगाउँका ३० घर, सौरपानी गाविसको शिम्भु गाउँका १ सय ४५ घरधुरीलाई पनि वर्षा सुरू हुनुअघि नै अन्यत्रै सार्न माग गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी तिमल्सिनाले बताउनुभयो ।

बारपाकसँगै जोडिएको घ्याच्चोक गाविसको धनसिराका १ सय ५, मिलिमका ६०, चिसाङका १५, बाँसकोटका ३६ घरधुरी र उहिया गाविसको खोर्लागाउँका १ सय घरधुरीलाई अन्यत्र सार्ने प्रस्ताव गरिएको सहायक प्रजिअ दीपेन्द्र पौडेलको भनाइ छ ।

टोकियोको आसागायामा
कोठा उपलब्ध छ ।
शिघ्र सम्पर्क गर्नु होला ।
वासिङ मेसिन तथा
ओफुरोको व्यवस्था भएको
कोठा भाडा :
62,000 येन प्रति महिना
डिपोजिट :
एक महिनाको भाडा
बराबरको रकम
उपलब्ध कोठा : एक
स्टेशनबाट ८
मिनेटको दूरीमा रहेको
विस्तृत जानकारीको लागी
080-3315-2507(S.B.)J.B.

के तपाई राहदानी नवीकरण सम्बन्धि
समस्यामा हुनुहुन्छ ?
फोटो सहित जम्मा ३,000 येन मात्र ।
जापानमा नेपाली एमआरपी राहदानी लिनका लागि आवश्यक पर्ने आवेदन फारम भर्नुपरेमा, त्यसका लागि फोटो खिच्नुपरेमा वा यस सम्बन्धी अन्य जानकारी चाहिएमा हामीलाई सम्झनुहोस् ।
यो सेवा टोकियो भन्दा बाहिर रहनुभएका महानुभावहरुका लागि पनि उपलव्ध छ ।
अफिसमा आउन समय नभएकाहरु अर्थात टोकियोभन्दा बाहिरका महानुभावहरुले पासपोर्ट र नागरिकताको फोटो कपी फ्याक्स गरेर पठाउनुहोस् त्यसपछि फारम भरेको शुल्क तल दिइएको बैंक खातामा जम्मा गरेर हामीलाई जानकारी गराउनुहोला ।
OUR BANK ACCOUNT DETAILS:
Post Bank
10120-51602201
カ)ジ-エムティ- インターナショナル
Mizuho Bank
1030285 (Nishi Shinjuku Branch)
カ) GMT インターナショナル
GMT INTERNATIONAL Co. Ltd.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
CONTACT: 080-4150-5314 (SB) Tel/Fax: 03-5937-5314
नोट: नेपाली समाचार पत्रिकाको ग्राहक बन्नेहरुलाई निःशुल्क फारम भरिने छ ।
साथै अन्य साईजका फोटोहरु खिच्न परेमा तथा पुराना फोटोलाई नयाँ बनाउनु परेमा हामीलाई सम्झनुहोला ।

गाडि चाहिएमा सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागी गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, मःम पकाउने भाँडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।

सम्पर्क:
Asia Moving
090-9304-2626
For More Information :
www.asiahunter.com
(Contact Person : Masaki Kobayashi – नेपाली, हिन्दी र जापानी भाषामा पनि कुरा गर्न सकिने ।)

सम्पन्नताले अल्छी बनाउँछ : विजय राना

● ऋतुकुमार दुरा

रोजगारीका लागि १० वर्ष पहिले जापान छिरेका पोखरा रामबजारका विजय राना मगरले हालै टोकियोमा भएको '२३ औं टोकियो खुल्ला शारीरिक सुसंगठन च्याम्पियनशीप-२०१५' प्रतियोगितामा दोस्रो स्थान हात पारे । १४ जनाको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपालजस्तो विकासोन्मुख देशको प्रतिनिधित्व गर्दै आफूले दोस्रो स्थान हासिल गरेकोमा विजय दंग छन् तर त्यो भन्दा बढी 'नम्बर वान' बनेरै छोड्ने हुटहुटी जागेको छ उनीमा ।

जीवनमा लाहुरे बन्ने सपना बोकेका उनी लाहुरे बन्न त सकेनन् । तर २०-२१ वर्षको कलिलो उमेरदेखि नै दाजुको देखासिकी र प्रेरणाबाट शरीर बनाउने इच्छाले जिम जान शुरू गरे । उनको यो इच्छा पुरा गर्ने कार्यले जापान आएर पनि निरन्तरता पायो । नेपालदेखि नै जिमप्रति आकर्षिक बनेका विजयलाई जापान आएपछि भने जिम जान नपाइने चिन्ताले निकै सतायो । कुक पेशा अंगालेका उनले काम गर्ने नागानो केनमा रहेको रेष्टुरेन्ट नजिकै एउटा जिम देखेपछि उनलाई फेरि जिम जाने रहर जागेर आयो । जापानमा अत्याधुनिक जिमखानाहरू प्रशस्त भए पनि समयको तारताम्य मिलाउन उनलाई हम्मेहम्मे पर्‍यो । तै पनि उनी आफ्नो उद्देश्यबाट डगमगाएनन् । सँगै काम गर्ने साथीहरूसँग सल्लाह गरे, आफ्नो ईच्छा प्रकट गरे अनि मिलाए समयको व्यवस्थापन ।

एक दुई दिन र एक दुई महिनामा सकिने मिशन थिएन उनको यो, यसमा उनको वर्षौवर्षको लगाव र साधना छ । जापान जस्तो अति व्यस्त दैनिकी रहेको ठाउँमा त्यसमाथि कुक पेशा अंगाले पनि उनले शरीर बनाउनका लागि समय निकाले, मेहनत गरे र त्यही अनुसारको प्रतिफल पनि पाए । विहान १० बजेदेखि रातीको १२ बजेसम्म उनी रेष्टुरेन्टकै काममा व्यस्त हुन्छन् । आफूलाई ईच्छा लागेको कुरा गर्न उनलाई व्यस्तताले रोकेन । साधारणतयाः रेष्टुरेन्टमा काम गर्नेहरू दिउँसो ३ बजेदेखि ५ बजेसम्म हुने ब्रेकको समयमा आराम गर्ने गर्दछन् । कतिपयलाई कतिवेला ३ बज्ला र कोल्टे परूँला भन्ने हुन्छ तर विजय भने ३ बजे ब्रेक हुनासाथ जिमतिर कुदिहाल्छन् । इच्छा छ भने त्यहाँ उपाय पनि हुँदोरहेछ । 'दिनभर थाकेर लखतरान परेको शरीर पनि जिम जाने भने पछि छुट्टै उमंग आउँदो रहेछ - जापान आएर जिम जान लागेको शुरूतिरको अनुभव सुनाउँदै उनले भने ।

शरीर स्वस्थ्य बनाउन र यसप्रकारको प्रतियोगितामा भाग लिनका लागि जिम मात्रै गरेर हुँदैन । कसरतको निरन्तरता, शरीरको हेरचाह अनि खानपानमा ख्याल गर्नैपर्दछ । उनको खानपान अरूको भन्दा भिन्दै छ । साथीभाइहरूसँगको जमघटमा पनि उनी साथीसरह खानेपिउने गर्दैनन् । उनको खानापिना परिवारसँग पनि मिल्दैन । उनी आफ्नो खाना आफै तयार पार्छन् । उनले रेष्टुरेन्टमा काम गर्न थालेको १० वर्ष भयो तर सितिमिति रेष्टुरेन्टको खाना खाँदैनन् । विहानको खाना खाएपछि काममा जानु भन्दा अघि दिउँसो र वेलुकी खाने खाना पोको पार्न हतार हुन्छ उनलाई । दिनमा १० वटा अण्डा, २५० ग्राम कुखुराको मासु, २५० ग्राम बिफ, २५० ग्राम माछा, फलफूल लगायत सन्तुलन मिलाएर खाना खान्छन उनी । प्रायगरी खाना बनाउँदा स्टिम गरेर बनाउँछन उनी । उनी जे खान्छन् आवश्यक क्यालोरी नापेर र जोखेर खान्छन् । सन्तुलित आहारा र दैनिक कसरत नै जीवनमा स्वस्थ्य बन्ने अचुक औषधि भएको धारणा राख्छन उनी ।

आफ्नो शरीरको ख्याल आफैले गर्नुपर्ने बताउँछन् उनी । पैसा मात्रै ठूलो कुरा होइन । 'सम्पन्नताले अल्छी बनाउँछ, अनि अल्छीपनले रोगी बनाउँछ'- उनी आफ्ना साथीभाइदेखि लिएर अन्य चिनेजानेकाहरू सबैलाई यसै भन्छन् ।

शुरूशुरूमा यो क्षेत्रमा लाग्दा केहीले खिसीटिउरी पनि गरे । 'खुरूखुरू काम नगरेर के को ज्यान बनाउने ? पागल त भएनौ तिमी ?' भन्ने गर्दथे । तर उनी आफ्नो लक्ष्यबाट कहिल्यै टसमस भएनन् । कुनै एउटा सपना बोकेर जापान आएपछि सपना पूरा गर्नका लागि कर्म पनि गर्नैपर्छ । 'आफूलाई व्यस्त बनाउनुहोस्, नयाँ नयाँ भिजन बनाउनुहोस् हतोत्साहित कहिल्यै नहुनुहोस्'-सुनौलो भविष्य देखेर आउनेहरूलाई उनी यही भन्छन्- 'जापानमा हरेक क्षेत्रमा अवसरै अवसर छ, हरेक समय नयाँ कुरा सिक्ने प्रयास गर्नुहोस् ।'

समय मिलाएर उनी प्रतियोगिताहरूमा भाग लिन्छन् । उनी भन्छन -'समय आफै मिल्दैन, समयलाई आफूले मिलाउने हो, जहाँ ईच्छा त्यहाँ उपाय ।' सन् २०१३ मा भएको प्रतियोगितामा उनी सातौं नम्बरमा आएका थिए भने २०१४ सालमा भएको प्रतियोगितामा ५ औं स्थान हात पारे । अहिले उनी आगामी महिनामा जापानकै क्युशूमा हुन गईरहेको एसिया शारीरिक सुसंगठन प्रतियोगितामा नेपालको तर्फबाट भाग लिने तयारीमा लागेका छन् । हँसिलो अनुहारका विजयले हौसिंदै भने-'गोर्खालीको छोराले गरेर देखाउँछ ।'

लुम्लेको पहलमा बेलायतमा ८ अर्ब राहत संकलन

काठमाडौं - बेलायतस्थित डिजास्टर इमर्जेन्सी कमिटी (डिइसी) ले सबैभन्दा धेरै रकम संकलन गरेको छ । यसले ५६ मिलियन बेलायती पाउन्ड (८ अर्ब ८४ करोड ५६ लाख नेपाली) उठाइसकेको छ । हलिउड अभिनेत्री जोअना लुम्लेले डिइसीमार्फत सहयोग संकलन गर्न टेलिभिजनबाट आह्वान गर्नुभएको थियो । त्यसमा बेलायती महारानी एलिजाबेथ, राजकुमार चार्ल्स र राजकुमारी क्यामेलाले पनि सहयोग गरेका थिए । हालै गरिएको एक सर्वेक्षणले बेलायतका ५४ प्रतिशत जनताले नेपालका भूकम्पपीडितलाई सहयोग गरेको देखाएको थियो ।

रसुवागढी नाका खुला

काठमाडौं - नेपालको उत्तरी नाका रसुवागढीमा यातायातका साधन सञ्चालन भएको छ । गत वैशाख १२ को विनाशकारी भूकम्पपछि करिब ५ सय मिटरमाथिबाट आएको पहिरोबाट क्षतिग्रस्त मितेरी पुलमाथि चिनिया बेलीब्रिज जडान गरेपछि सवारीसाधन सञ्चालनमा आएको जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ । त्यसैगरी रसुवागढीमा पुरिएको सडकको ट्रयाक खोल्ने कार्यसमेत सम्पन्न भएको र सोका लागि नेपाल प्रहरी, नेपाली सेना र चिनियाँ सेना गत दुई हप्तादेखि पहिरो पन्छाउने कार्यमा जुटेका थिए ।

सडकको साविक सतहमा पुग्दा भन्सारका दुई कर्मचारी, एक स्थानीयवासी र एक सवारी सहचालक र पुरिएका कन्टेनरका टुक्रा मात्र भेटिएको र पुरिएका अन्य शव फेला नपरेको प्रहरीले जनाएको छ । उक्त ठाउँमा ३०/३५ जना पुरिएको आशङ्का गरिएको थियो । काठमाडौंदेखि केरूङसम्म यातायात सञ्चालन हुने वातावरण सिर्जना भए पनि स्याफ्रुवेसीदेखि रसुवागढीसम्मको सडकमा माथिबाट ढुङ्गा खस्ने क्रम नरोकिएकाले होसियारपूर्वक सवारी चलाउनुपर्ने सहायक प्रजिअ गौतम रिमालले जानकारी दिनुभयो । भन्सार परिसरमा सिल गर्न बाँकी रहेका ११ वटा कन्टेनरहरूसमेत पुरिंदा करोडौंको सामान नष्ट भएको बताइएको छ ।

सेयर बजार आंशिक खुल्यो

काठमाडौं - वैशाख १२, १३ र २९ गते गएको भूकम्प र पराकम्पनबाट प्रभावित भएको पुँजी बजार बुधबारदेखि आंशिक रूपमा सुरू भएको छ । वैशाख १० गते र त्यो भन्दा अगाडि भएको कारोबारको राफसाफ तथा फर्स्योटको काम नेप्सेले सुरू गरेको हो । कारोबारसहितको राफसाफको काम भने यही जेठ १० गतेबाट सुरू हुने नेप्सेका सह-प्रवक्ता मुराहरि पराजुलीले जानकारी दिनुभयो । पुँजी बजारसँग सम्बन्धित विभिन्न निकायका भवन तथा त्यहाँ कार्यरत कर्मचारीहरू भूकम्पबाट प्रभावित भएपनि बजार पूरानै अवस्थामा फर्कन सकेको छैन ।

महाभूकम्पमा मृत्य हुनेको संख्या ८,६२२ पुग्यो

काठमाडौं - बैशाख १२ गते र २९ गते गएको शक्तिशाली भूकम्पमा परी हालसम्म ८ हजार ६ सय २२ जनाको मृत्यु भएको छ ।

वैशाख १२ गते आएको विनाशकारी भूकम्पमा हालसम्म ८ हजार ४ सय ६८ जनाको मृत्यु भएको छ भने गत २९ गते आएको शक्तिशाली भूकम्पमा परी हालसम्म १ सय ५४ जनाको मृत्यु भएको नेपाल प्रहरीले जनाएको छ । गत मंगलबारको भूकम्पबाट मृत्यु हुनेमा उपत्यकामा १२, पूर्व क्षेत्रमा ४, मध्य क्षेत्रमा १३९ र पश्चिम क्षेत्रमा ३ जना रहेको नेपाल प्रहरीले जनाएको छ । यसैगरी सो भूकम्पमा परी घाइते हुनेमा उपत्यकामा १ हजार ९ सय २६, पूर्व क्षेत्रमा १ सय २५, मध्य क्षेत्रमा १ हजार ४८, पश्चिम क्षेत्रमा १ सय ३२ र मध्य पश्चिम क्षेत्रमा १४ जना छन् । मृतक १ सय ४४ जनाको शव आफन्तलाई बुझाईसकिएको छ भने घाइतेमध्ये १ हजार ६ सय ९८ जना विभिन्न अस्पतालमा उपचाररत छन् ।

दूतावासले हालसम्म १८ करोड २० लाख येन नेपाल पठायो

टोकियो- टोकियोस्थित नेपाली राजदूतवासले हालसम्म १८ करोड २० लाख ३९ हजार ८१ येन प्रधानमन्त्री राहत कोषमा जम्मा हुने गरी नेपाल पठाएको जनाएको छ ।

बुधबार मात्रै दूतावासले ११ करोड ५० लाख जापानी येन एकमुष्ट प्रधानमन्त्री राहत कोषमा पठाएको थियो ।

हालसम्म सबैभन्दा ठूलो सहयोग राशी प्रदान गर्ने इवन कम्पनीलाई दूतावासले विशेष धन्यवाद दिएको छ ।

एक विज्ञप्तीमार्फत व्यक्तिगत र संस्थागतरूपमा कोषमा रकम जम्मा गर्नेहरू सबैलाई दूतावासले धन्यवाद दिएको हो । राहत सहयोग गर्नेहरूमा साकाई-सी ओसाका, कुर एण्ड होटल, माकिनोहरी, इन्टरनेशनल एसोसिएसन, बीएसपी कम्पनी लिमिटेड, सागामिहारा कर्पोरेसन, ग्लोबल इलेक्ट्रोनिक्स, मुनेहितो इटो, यासुशी योसिदा लगायत रहेका छन् ।

यसैगरी नमस्ते नेपाल सिजुओका, नरेश महर्जन, एभरेस्ट इन्टरनेशनल स्कुल, प्रवासी नेपाली मञ्च, वामी सेवा समिति, कुर्गा सेवा समिति, लेखनाथ गैरे र दिल पंगेनीलगायतले प्रधानमन्त्री राहत कोषमा पठाउनका लागि दूतावासमा रकम बुझाएका थिए ।

स्वास्थ्य मन्त्रीद्वारा सहयोगका लागि अपील

काठमाडौं - स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री खगराज अधिकारीले विश्व स्वास्थ्य सङ्गठनको ६८ औं महासभालाई जेनेभामा सम्बोधन गर्दै भूकम्पका कारण प्रभावित भएका नेपालका स्वास्थ्य क्षेत्रका पूर्वाधार निर्माणमा अन्तर्राष्ट्रिय समुदायबाट सहयोगको अपेक्षा गरेको बताउनुभएको छ ।

महाविपत्तिका बेला विश्व स्वास्थ्य सङ्गठनले तत्काल सहायता टोली परिचालन गरेर सघाएकोमा हार्दिक आभार व्यक्त गर्दै भविष्यमा गरिने पुनः निर्माणमा पनि अझ घनीभूत सहयोग हुनेमा आफू आशावादी रहेको बताउनुभयो ।

कामको खोजीमा हुनुहुन्छ?
जहाँ तपाईको बसाई, त्यहिं तपाइलाई काम
✽ Arix कम्पनीको होमपेजमा जानुहोस् ।
✽ www.job.chikyujin.jp/ne/ www.job.chikyujin.jp/ne/
✽ निःशुल्क आफ्नो नाम लगायत अन्य सामान्य जानकारी दर्ता गराउनुहोस् ।
✽ हामी तपाईलाई सम्पर्क गर्नेछौं ।
होमपेजमा भर्नु पर्ने जानकारी नेपाली भाषामा पनि भएकोले भर्न सजिलो हुने
Arix group
Arix Company Limited
Kamematsu Bld. 8F, Soto Kanda 4-5-4, Chiyoda-Ku, Tokyo
(080-3355-1797 नेपाली भाषा, टोकियो)
(080-4097-3633 नेपाली भाषा, चिबा)
जापानी भाषाको लागि 080-9779-3297
जापानी भाषा बोल्न नसक्नेले पनि सम्पर्क गर्न सकिने छ ।

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरू (Services)
❖ भिषा नविकरण — लाग्ने खर्च : 9,800円
❖ स्थायी भिषा (एईज्यु) — लाग्ने खर्च : 35,000円
❖ भिषाको प्रकृति परिवर्तन — लाग्ने खर्च : 35,000円
❖ नयाँ भिषा सम्बन्धि काम — लाग्ने खर्च : 50,000円
❖ कम्पनी स्थापना — लाग्ने खर्च : आपसी सहमतीमा तय गरिने

Hironari Kobayashi
Immigration Lawyer
नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।
Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku, Tokyo, Japan
फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

राहत जुटाउन यसरी...

बित्तिक्कै जापानको नेपाली समुदायबीच के गर्ने, कसो गर्ने र कसरी अगाडि बढ्ने भन्ने बिषयमा सामाजिक सञ्जालमा बहस सुरु हुन थाल्यो । तत्काल कतै भेला भएर तुरुन्त एक्शनमा उत्रने उद्देश्यले टोकियोमा उपलब्ध समाजका अगुवा नेपालीहरू राजदूत निवास नाकामेगुरोमा भेला भए । भैपरी आउने यस्तै आकस्मिक बेलामा सञ्चारसम्पर्कका लागि सजिलो होस् भनेर सामाजिक सञ्जाल फेसकुकमा बनाईएको नेपाली समुदायको एउटा चौतारीले यतिबेला निकै काम गर्‍यो । आधाघण्टाको भित्र ९० जनाभन्दा बढि समाजका जिम्मेवार नेपालीहरू सम्पर्कमा आए, आ-आफ्ना भावना पोखे, ती मध्यका संभव हुने जति राजदूतनिवासको आकस्मिक भेलामा उपस्थिति जनाए ।

भेलाले ढिला नगरिकन भूकम्प पीडित राहत कोषको घोषणा गर्‍यो । उसो त कोषको घोषणा गर्नु अगावै एनआरएन आइसीसीका उपाध्यक्ष भवन भट्टले १ करोड रूपैया राहत सहयोगको घोषणा गरिसकेका थिए । भूकम्प गएको एकाध घण्टाभित्रै यो पंक्तिकारलाई फोनमा जानकारी गराई गरिएको यो घोषणा संभवत नेपालभित्र र बाहिरबाट गरिएका घोषणामध्यकै पहिलो घोषणा हुनुपर्छ । यो घोषणाबाट जापानको नेपाली समुदायमा मात्र नभएर बिश्वभरि नै एउटा सन्देश गयो, सन्देशले सकारात्मक माहौल सिर्जना गर्‍यो । जसले गर्दा आ-आफ्नो ठाउँबाट माभृभूमिका लागि सकेको केही गर्नुपर्छ भन्ने भावनाको प्रस्फुटन गरायो । त्यसपछि विभिन्न मुलुकमा रहेका नेपालीहरू आ-आफ्नै ढंगले राहतका लागि अहोरात्र जुट्न लागे । जसअनुसार जापानमा पनि राजदूत निवासमा भेला भएका नेपालीहरूले कोषमा राहत रकम जुटाउन र यसलाई ब्यवस्थित ढंगले सञ्चालन गर्न भूकम्प पीडित राहत तथा सहयोग समिति गठन गरे । जापानका लागि नेपाली राजदूत डा. मदनकुमार भट्टराईको प्रमुख संरक्षकत्व र एनआरएन आइसीसीका उपाध्यक्ष भवन भट्टको संयोजकत्वमा जापानको सिंगो नेपाली समुदाय परिचालन गर्ने गरी सबै क्रियाशील संघसंस्थाहरूको अध्यक्ष पदेन सदस्य हुने ब्यवस्थासहित सहयोग समिति गठन गरियो । तत्काल दूतावासले भूकम्पमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली र घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै एउटा शोक वक्तब्य निकाल्यो । वक्तब्यमार्फत भूकम्प पीडितहरूका लागि उद्धार र राहतमा जुट्न र सक्दो सहयोगी भूमिका निर्बाह गर्न नेपाली समुदाय र जापानी समुदायलाई अपिल गरियो ।

सहयोग समितिलाई कार्यसम्पादनका लागि सजिलो होस् भन्ने हेतुले भोलिपल्टै विभिन्न उपसमितिमार्फत कार्यविभाजन गरियो । जसअनुसार सचिवालय समिति, आर्थिक ब्यवस्थापन उपसमिति, मिडिया उपसमिति, स्वयमसेवक परिचालन उपसमिति र संघसंस्था समन्वय उपसमिति गठन गरिए । उपसमितिहरूले आ-आफ्नो ढंगले कार्यसम्पादनलाई तिब्र पार्दै गईरहे । जसअनुसार सचिवालय समितिले तत्काल गर्नुपर्ने निर्णयहरू गर्दै संभवभएसम्मका सबै संयन्त्र उपयोग गरी यथासंभव धेरै राहत जुटाउनमा कटिबद्ध भएर लागिपर्‍यो । जसअनुसार हुलाक एकाउन्ट, मिजुहो बैंक, पे-पाल लगायतका इन्टर्नेटमार्फत डोनेशन गर्न मिल्ने सुविधाहरू सार्बजनिक गरियो । यसैगरी जापानभरिका कन्भिनियन्स स्टोर, नेपाली तथा इण्डियन रेष्टुरेन्ट तथा पसलहरूमा डोनेशन बक्स राख्ने कामहरू भयो ।

यसैगरी मिडिया उपसमितिले भूकम्पपछिका घटना र खबरलाई बिशेष महत्वका साथ २४ सै घण्टा अपडेट र संप्रेषण गर्दै जापानको नेपाली समुदायको राहत जुटाउने अभियानलाई उपयुक्त वातावरण निर्माण गर्ने काममा अहम भूमिका निर्बाह गर्दै आईरह्यो । नेपालीहरूबीचको एकता, आपसी सद्भाव, मेलमिलाप र सहिष्णुतालाई ध्यानमा राख्दै विपदको घडिमा संबेदनशील ढंगले अगाडि बढ्न नेपालीहरूमा निरन्तर सूसुचित एवं प्रोत्साहित गर्दै आईरह्यो । यसैगरी आर्थिक ब्यवस्थापन उपसमितिले विभिन्न च्यानलमार्फत संकलन भएका राहत रकम हरेक दिनको अपडेट र पारदर्शीता सार्बजनिक गर्दै नेपाली समुदाय र जापानी समुदायको बिश्वास आर्जन गर्न अहम भूमिका निरन्तर निर्बाह गरिरह्यो । जसका कारण ठूलो संख्याका नेपाली तथा जापानीहरूले स्वतस्फूर्त ढंगले खातामा रकम दाखिला गर्ने क्रमले तिब्रता पाउँदै गयो, जुन यद्यपि जारी छ ।

अर्कोतिर स्वयमसेवक परिचालन उपसमितिले जापानको ब्यस्तता नभनिकन अत्यन्त कठिन परिस्थितिमा पनि बिभिन्न सार्बजनिक ठाउँहरूमा चन्दा संकलन अभियानलाई तिब्र पार्दै गयो । ब्यस्त दैनिकीबाट समय निकाल्दै दिनहुँजसो दर्जनौ स्वयमसेवकहरूको परिचालन गर्नु सामान्य कुरो थिएन । यस समितिले सार्बजनिक अपिलबाट मात्रै ७४ लाख ७१ हजार येन राहत कोषमा जम्मा गर्न सफल भयो । हाल सार्बजनिक अपिल गर्ने क्रम रोकिए पनि यस समितिले अन्य च्यानलमार्फत राहत सहयोग जुटाउने कार्य भने निरन्तर जारी राखेको छ । यसैगरी संघसंस्था समन्वय उपसमितिले जापानमा क्रियाशील सबै संघसंस्थाहरूलाई सहयोगमा जुट्न अपिल गर्दै एक नीति र एक द्वार प्रणाली लागू गर्न हरसंभवका समन्वयकारी भूमिका निर्बाह गर्दै आईरह्यो । जसअनुसार यहाँका धेरैजसो संघसंस्थाहरूले सिंगो अभियानमा ऐक्यबद्धता जनाउँदै आ-आफ्ना पहलमा संकलित रकम राहत कोषमा जम्मा गर्ने क्रम दिनहुँजसो चलिरहेको छ, अझै रोकिएको छैन । यसरी सिंगो समुदाय परिचालित गर्न सफल यस अभियान आफैमा ऐतिहासिक छ र हुनुपर्दछ । यस्ता साझा अभियानमा कसैले निजी स्वार्थ र प्रचारसंग जोडेर हेर्नुहुँदैन । साझा अभियान भनेको स्वयमसेवी भावना र स्वतस्फूर्त ढंगले चल्ने कुरा भएकोले कसैले कसैलाई दबाब र बाध्यकारी पनि बनाईनु हुँदैन । स्वेच्छिक योगदान भएकोले चाहे त्यो नगद होस् या श्रमदान एकले अर्कासंग प्रतिस्पर्धामा नै उत्रेर बराबर हैसियतमा गर्नुपर्छ भन्ने पनि छैन । मौकाको फाइदा उठाएर आफु संलग्न संस्था वा ब्यक्तिको मात्र प्रचारबाजी हुने नियतले काम गरिनु हुँदैन । यद्यपि जानअनजानमा भएका त्यस्ता गतिबिधिलाई इस्यु बनाएर होइन समयमै सचेत बनाएर समस्या हल गर्नतिर जानु सबैको बुद्धिमानी हुन्छ र हामी बीचको एकता कायमै रहन्छ ।

अब के गर्ने ?

आजका मितिसम्म सहयोग समितिले देखाएको सक्रियता प्रशंसनीय छ । यद्यपि अब के गर्नुपर्छ र कमीकमजोरी के रहे भन्ने कुरालाई यहाँ पटक्कै बिर्सन मिल्दैन । यस्ता घटनाबाट धेरै कुरा सिक्न सकिन्छ । सिंगो समाज मिलेर गर्नुपर्ने साझा अभियानका कामहरू हाम्रा अगाडि डुंगुर छन् । यो सौहार्द्रतालाई कायमै राख्दै समाजको हितमा उपयोग गर्ने दिशामा समुदाय अब केन्द्रित हुनुपर्दछ । पहिलो कुरा त हाम्रा कमजोरी के के रहे यसको घनिभूत समीक्षा हुनुपर्छ । भावनामा हामीबाट केही कमजोरीहरू अवश्य भएका छन् । त्यसलाई स्वीकार्दै सच्याउन लाज मान्नु हुँदैन । जापानीहरूको बिश्वास आर्जन गर्न तत्काल संभावित उपायको आफै पहल गर्नुको सट्टा अरूको खातामा सहयोगको अपिल गरिनु जस्ता कारणबाट केही प्राविधिक समस्याहरू झेल्नुपर्‍यो । यद्यपि विवादरहित र बुद्धिमत्तापूर्ण ढंगले समस्यालाई सल्टाउदै सहयोग समिति अब एउटा यस्तो विचारणीय विन्दुमा आईपुगेको छ । जतिसक्दो धेरै राहत जुटाउन समितिले पहल गर्नु स्वभाविक थियो । कतिसम्म पठायो भने हाम्रो लक्ष पुरा हुने भन्ने त्यस्तो कुनै लक्ष्मणरेखा नभएकोले सँधै राहतकै लागि हाम्रो समाजको सबै ऊर्जा खर्च गर्ने स्थिति बनाईनु हुँदैन । उसो त जापानका नेपालीले मात्रै हाड घोटेर र छाक काटेर पठाएको रकमले नेपाललाई पर्याप्त हुने पनि होइन । एउटा सहभागितामुलक भावना मिसाउने काम जापानले अग्रपंक्तिमै रहेर गरेको छ । यो क्रमलाई अब लम्ब्याईनु हुँदैन । यहाँनेर गर्नैपर्ने एउटा काम भनेको जापानबाट पठाईएको रकमको खर्च के कसरी र कहाँ, कहाँ भएका छन् त्यसको नालीबेली सोध्ने अधिकार हरेक चन्दादातालाई भएकोले त्यसको फेहरिष्ट ठिक दुरूष्ट राख्न जरूरी छ । सहयोग समितिको काम राहत उठाउने र पठाउने मात्र नभई नेपाली रूपैया के कति पुग्यो र कुन कुन शीर्षकमा कसरी खर्च गरिए त्यसको विवरण आवश्यक परेको बेलामा उपलब्ध गराउन सक्नुपर्दछ ।

केही सुस्तिएको भए पनि राहत उठ्ने क्रम जारी छ । यो बेलामा जापानका नेपालीहरूले गरेको हो है भन्ने देखिने गरी केही नयाँ र छुट्टै काम गर्ने सके जापानबासी सबै नेपालीको शान र सन्तुष्टी दूवै रहने थियो । जापानबाट पठाईएको राहत रकम नेपालभूमिमा पुग्दा बित्तिकै जापानको कहिं कतै नामनिशान नआउँदा दाताहरूको मन कुँडिनु स्वभाविकै हो । फेरि फेरि पनि सहयोग लिन पर्ने दाताहरूलाई एकैपटकमा चित्त दुखाउनु हुँदैन । अर्कोतिर सिंगो नेपालनै सुरूदेखि पुरै नयाँ बनाउन पुग्ने बजेट जम्मा भए पनि सहि ब्यवस्थापन र उपयुक्त नीति तथा योजना सहितको सक्षम नेतृत्व नहुने हो भने त्यसको खासै अर्थ हुँदैन । त्यसैले सहयोग समितिको अबको कार्यभार भनेको पठाईएको राहत रकमको पारदर्शीता र जबाफदेहिता पहिलो हुने छ भने दोस्रो जापानका नेपालीको मात्रै पहिचान हुने छुट्टै एवं प्रभावकारी प्रोजेक्टकारूपमा नमुना गाउँ अथवा नमुना विद्यालय निर्माण गर्न सके चिरस्मरणीय कार्य हुनेथियो । त्यसका लागि नेपाली समुदायसंग नयाँ शिराबाट छलफल सुरू गरी पछिल्ला चरणमा संकलित रकम खर्च गर्न सकिने छ भने शुभचिन्तक जापानीहरूलाई पनि आह्वान गर्न सकिने छ ।

ネパール語と日本語を学びましょう - 108
(नेपाली र जापानी भाषा सिकौं)

日本語の文章 (जापानी शब्द)	日本語の発音 (जापानी उच्चारण)	ネパール語の発音 (नेपाली उच्चारण)	
就職 (しゅうしょく)	स्युस्योकु	रोजगार	ロズガル
就職活動 (しゅうしょくかつどう)	स्युस्योकु खाचुदोउ	रोजगार प्रकृया	ロズガル・プラクリヤ
求人 (きゅうじん)	क्युजिन	रोजगार आवश्यकता	ロズガル・アワセクタ
募集 (ぼしゅう)	बोस्युउ	निवेदन आह्वान	ニベダン・アーワン
応募 (おうぼ)	ओउबो	आवेदन	アウェダン
申請書 (しんせいしょ)	सिन्सेइस्यो	आवेदन फारम	アウェダン・ファラム
書類 (しょるい)	स्योरुइ	कागजात	カガジャタ
書類選考 (しょるいせんこう)	स्योरुइ सेन्कोउ	कागजात जांच	カガジャタ・ジャンツ
面接 (めんせつ)	मेन्सेचु	अन्तरबार्ता	アンタルバルタ
内定 (ないてい)	नाइतेइ	अनौपचारिक निर्णय	アナウパチャリク・ニルナエ
正社員 (せいしゃいん)	सेइस्याइन	स्थायी कर्मचारी	スタイ・カルマチャリ
パート (ぱーと)	पा-तो	आंशिक कर्मचारी	アンシク・カルマチャリ
アルバイト (あるばいと)	आरुबाइतो	पार्ट टाइम काम	パート・タイム・カム
入社 (にゅうしゃ)	न्युस्या	कम्पनी प्रबेश	カンパニ・プラベス
退職 (たいしょく)	ताइस्योकु	अवकाश	アワカス
給料 (きゅうりょう)	क्युउऱ्यो	तलब	タラブ
時給 (じきゅう)	जिक्क्यु	प्रतिघण्टा तलब	プラティガンタ・タラブ
日給 (にっきゅう)	निक्क्यु	दैनिक तलब	ダイニク・タラブ
月給 (げっきゅう)	गेक्क्यु	मासिक तलब	マシク・タラブ
年収 (ねんしゅう)	नेन्स्यु	बार्षिक आम्दानी	バルシク・アムダニ

जापान तथा नेपालमा चल्ने iphone 5, 4S (Sim Free), विभिन्न किसिमका Smart Phone हरु सुपथ मूल्यमा उपलब्ध

दुबै साईडमा क्यमेरा भएको मोबाईल फोनहरु मात्र १५,000 येन ।

खसी कुखुराको मासु, मरमसला, अचार, दाल-गेडागुडी, फोन कार्डका लागि हामीलाई सम्झनुहोस् ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)

Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797 (टोकियो स्थित जेआर सिनओकुबो स्टेशनबाट ३० सेकेन्ड मात्र)

महाविपत्तिमा...

प्रधानमन्त्री एवं काँग्रेस सभापति सुशील कोइरालाले श्रमदानको लागि २५/२५ जनाको प्राविधिक, इञ्जिनियरको टोली खडा गरी भूकम्पप्रभावित जिल्लामा अस्थायी घरटहरा निर्माण गर्न निर्देशन दिनुभएको छ ।

उपसभापति रामचन्द्र पौडेलले भातृ संस्थाका प्रतिनिधिलाई डाकेर प्रभावित जिल्लाका पार्टीसँग समन्वय गरी श्रमदानमा लाग्न निर्देशन दिनुभएको छ । टोलीमा गाह्रो लगाउने, काठको काम गर्ने र छाना मिलाउन जान्ने सिपालु ५/६ जना र अन्य सामान्य श्रम गर्नसक्ने व्यक्तिहरु सम्मिलित गराउने, तोकिएका जिल्ला/गाउँमा जाने मिति र सम्पर्क व्यक्ति निश्चित गर्ने निर्णय गरिएको छ ।

त्यस्तै सात दिनसम्म तोकिएको गाउँमा गएर लगातार काम गर्ने र त्यहाँका बासिन्दालाई वर्षा धान्न सक्ने भरपर्दो टहरा वा बासस्थानको व्यवस्था गरेर फर्कनुपर्ने साथै टोलीले श्रम गर्न जाँदा आफूले खाने कुराहरु दाल, चामल, तरकारी, नून, तेल लगायतका खाद्य सामग्रीहरुको व्यवस्था र बस्ने पाल, लुगाफाटो र भाँडाकुडा सबै साथमा लिएर जानुपर्ने भनिएको छ ।

युवा र विद्यार्थीलाई जिल्ला जिल्ला पठाएको एमालेले भूकम्प प्रभावित जिल्लामा सञ्चालन गरिने राष्ट्रिय स्वयंसेवक परिचालन अभियानका लागि अध्यक्ष केपी शर्मा ओलीलगायत नेतालाई जिल्लागत जिम्मेवारी तोकेको छ । अभियानको सचिवालय समितिले अध्यक्ष ओलीलाई काठमाडौं, बरिष्ठ नेता झलनाथ खनाललाई भक्तपुर, नेता माधवकुमार नेपाललाई सिन्धुपाल्चोक जिल्लाको जिम्मेवारी तोकेको छ ।

यस्तै उपाध्यक्षहरु विद्यादेवी भण्डारी–काभ्रेपलाञ्चोक, युवराज ज्ञवाली– नुवाकोट, अष्टलक्ष्मी शाक्य– धादिङ, भीमबहादुर रावल–रसुवा, महासचिव ईश्वर पोखरेल– दोलखा, उपमहासचिव विष्णु पौडेल– ललितपुर, घनश्याम भुसाल– रामेछाप, सचिवहरु प्रदीप ज्ञवाली– गोरखा, पृथ्वीसुब्बा गुरूङ– सोलुखुम्बु, भीम आचार्य– लमजुङ, योगेश भट्टराई–काठमाडौं, नेता मुकुन्द न्यौपाने– सिन्धुली, शंकर पोखरेल– सिन्धुपाल्चोक, सुरेन्द्र पाण्डे–मकवानपुर, छविलाल विश्वकर्मा– चितवन, किरण गुरूङ– दोलखा, सत्यनारायण मण्डल–धादिङ, अमृतकुमार बोहरा– सिन्धुपाल्चोक, सोमनाथ प्यासी– ओखलढुङ्गा, डा. पुष्प कँडेल– धादिङ तोकिनुभएको छ । एमालेको यही जेठ ३ गतेको बैठकले सचिव गोकर्णराज विष्टको संयोजकत्वमा ७५ सदस्यीय परिचालन समिति गठन गरेकोमा त्यसलाई थप गरी १७५ सदस्यीय बनाइएको प्रचार विभागका प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो ।

संविधानसभाको तेस्रो ठूलो दल एमाओवादीले १५ दिने अभियानमा ७५ वटै जिल्लाबाट सुत्केरी महिला, रोगी र अशक्त सदस्यबाहेक पार्टीका सम्पूर्ण जिल्ला समिति सदस्य, जिल्ला परिषद्का सदस्य, जनवर्गीय मोर्चाका जिल्ला सदस्य, पूर्वजनमुक्ति सेना र वाइसिएलका सम्पूर्ण सदस्य स्वयंसेवकका रुपमा भूकम्प प्रभावित जिल्लामा अनिवार्य रुपमा जानुपर्ने निर्णय गरेको छ । अभियानमा पार्टी अध्यक्ष प्रचण्ड, वरिष्ठ नेता डा. बाबुराम भट्टराई र उपाध्यक्ष नारायणकाजी श्रेष्ठसमेत सहभागी हुनुभएको छ । बाटो म्यादबाहेक १५ दिन चल्ने अभियानका लागि चाहिने खाद्यान्न, बस्ने टेन्ट र निर्माणका लागि चाहिने साधन आफै जुटाएर काम सुरू गर्ने एमाओवादीको कार्यक्रम छ । १५-१५ जना स्वयंसेवकको एक टिममा एक-एकजना प्राविधिक र स्वास्थ्यकर्मी समावेश गरिने एमाओवादीले जनाएको छ ।

एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सिन्धुपाल्चोक, धादिङ, रसुवा, नुवाकोट, गोरखा, काभ्रे, दोलखा, काठमाडौं, भक्तपुर र ललितपुरमा भूकम्पबाट पीडितसँग भेटघाट, स्थलगत निरीक्षण गर्नुभयो । नेता बाबुराम भट्टराई गृहजिल्ला गोरखासहित नुवाकोट, दोलखा, रसुवा, काठमाडौं, ललितपुर, सिन्धुपाल्चोक र भक्तपुर पुग्नुभयो । उपाध्यक्ष नारायणकाजी श्रेष्ठ ललितपुर, गोरखा र मकवानपुर पुगेर खाद्यान्न, त्रिपालगायतका राहत पनि वितरण गर्नुभयो । सचिव वर्षमान पुन माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रवेशमार्ग रसुवाको गोगनेभिर पहिरोमा पुरिएका ३३ जना मजदुरको उद्धारका लागि खटिनुभएको थियो ।

रोजगारीको सूवर्ण अवसर

टोकियो, साइतामा, चिबा, खानागावा र ओसाका क्षेत्रमा केही कामदारको आवश्यकता परेकोले इच्छुकहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।

काम गर्ने स्थान, तलब र काम गर्ने समय आपसी भेटघाटमा तय गरिने ।

जापानी भाषा जान्ने व्यक्तिलाई विशेष प्राथमिकता दिइने ।

MAX CORPORATION
5-12-8-103. 105 Ota-ku
NishiKamata Tokyo
फोन: ०३-५७११-०८०५
(सोमबार - शुक्रबार ९:०० देखि १८:००बजेसम्म)

महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो ....
.... फोन: ०३-३७१३-६२४१/४२
.... फ्याक्स: ०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो
सिनागावा ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ १०४
प्रहरी ११०
एम्बुलेन्स र दमकल ११९

के छ पुनर्निर्माणको तयारी ?

❑ नेस संवाददाता, टोकियो

सरकारले बिनाशकारी महाभूकम्पबाट भएको क्षतिपछि पुर्ननिर्माणका लागि दसबर्से योजना ल्याउने भएको छ । भूकम्पका कारण भएको ठूलो जनधनको क्षतिसँगै मुलुक निर्माणमा ठूलो खर्च र लामो समय लाग्ने सरकारी मूल्याङ्कन छ । सरकारले कम्तिमा पुर्ननिर्माणका लागि १० वर्ष आवश्यक भएको निष्कर्षसहित सरकारले विस्तृत योजना ल्याउने तयारी गरिरहेको अर्थमन्त्री डा. रामशरण महतले जानकारी दिनुभयो । क्षतिको प्रस्ट विवरण आइसकेपछि पुनर्निर्माणको खाका सर्वजनिक गरिने उहाँको भनाइ छ । जापानले नेपालको पुनर्निर्माणमा सहयोग जुटाउने उद्देश्यले आगामी एक/डेढ महिनामा सम्मेलन गर्ने जानकारी गराएको उहाँले बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्द पोखरेलले पनि मुलुकको पुनर्निर्माणका लागि खाका बनाउने कार्य सुरू भइसकेको बताउनुभयो । उहाँले यसै वर्षको बजेटमार्फत पुर्ननिर्माण कार्य सुरू गर्ने बताउनुभयो ।

स्वीट्जरल्याण्डबासीद्वारा जस्तापाता सहयोग

● दामोदर नेपाल

काठमाडौं – लामो समयदेखि स्वीट्जरल्याण्डमा बसोबास गर्दै आएका राजेश खड्गीले आनो व्यक्तिगत प्रयासमा नुवाकोट जिल्लाका भूकम्प प्रभावित १२७ परिवारहरूलाई जस्तापाता बितरण गरेका छन् ।

गत बैशाख १२ गते नेपालमा गएको बिनाशकारी भूकम्प र त्यसले निम्त्याएको महाबिपत्तीबाट मर्माहत भएका उनले नेपालको अवस्था टुलुटुलु हेरेर बस्न नसकी नेपाल आई घरबासबिहिन भई के खाउँ र कहाँ बसौं भनेर तड्पीएका ती नेपालीहरूको पहिलो आवश्यकता सुरक्षित बासको प्रबन्ध गर्नु हो भन्ने सोचका साथ नुवाकोट जिल्ला चौघडा गाविस वडा नं. बानियाँटारका पीडित १२७ घर परिवारलाई राहत स्वरूप जस्ता पाता वितरण गरेका हुन् ।

आनो देश र परिवारको माया सम्झेर नै १५ वर्षदेखि स्वीट्जरल्याण्ड बस्दै आएका खड्गी आफू कार्यरत कम्पनीमा कार्यरत कर्मचारीबाट संकलित केही राहत लिएर नेपाल आएका हुन् ।

काठमाडौंको उचाई बढ्यो

❑ नेस संवाददाता, टोकियो

गत १२ वैशाखमा आएको महाभूकम्पले नेपालको भौगोलिक रूपमा पनि केही परिवर्तन आएको नापी विभागले पुष्टि गरेको हो ।

विभागले भूकम्पपछि ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) बाट गरेको अध्ययनको आधारमा काठमाडौं डेढ मिटर दक्षिण-पश्चिम सरेको जनाएको हो । भूकम्पपछि विभागले उपत्यकाका नजिक पर्ने पाँच स्थान (नगरकोट, फूलचोकी, बुङमतीको लाखेडाँडा, स्वयम्भू र नुवाकोट जिल्लाको कुमारीडाँडा) मा अवस्थित नियन्त्रण बिन्दुहरूबाट अध्ययन गरेको थियो । विभागले विभिन्न मुलुकका विभिन्न स्थान (हङकङ, ल्हासा, बैंगलोर, हैदराबाद, काजकस्थान, ओमान, मंगोलिया) मा रहेका १३ ओटा कन्टिनियस अब्जर्भेसन स्टेसनबाट भूकम्पको अवस्थितिको अध्ययन गरेको हो । जसमा पाँचओटै नियन्त्रण बिन्दु दक्षिण-पश्चिम सरेको नापी विभागका महानिर्देशक मधुसूदन अधिकारीले जानकारी दिए ।

उनका अनुसार लगातार २४ घन्टा अब्जर्भेसनपछि नगरकोटको नियन्त्रण बिन्दु १ दशमलव ८२, फुल्चोकीको शून्य दशमलव ९२ तथा बुङ्मती, स्वयम्भू तथा कुमारीमा रहेका नियन्त्रण बिन्दुहरु शून्य दशमलव ९२ मिटरले दक्षिण-पश्चिम ढल्किएको पत्ता लागेको छ । अध्ययनअनुसार समग्रमा उपत्यका डेढ मिटरले दक्षिण-पश्चिम ढल्किएको हुन सक्ने अधिकारीले बताए । उनले समग्रमा काठमाडौंको उचाइ पनि केही मात्रामा उठेको बताए । तर, ठ्याक्कै कति मिटर उठ्यो भन्ने विषयमा भने अझै अध्ययन गर्नुपर्ने र समय लाग्ने बताए ।

उनले सगरमाथाको उचाइ घटेको भन्ने विषयमा भने अध्ययन नगरी केही जानकारी दिन नसक्ने भन्दै आधिकारिक रूपमा अध्ययन गर्न राम्रो तयारी आवश्यक रहेको बताए ।

भारतले अस्थायी बसोबासको व्यवस्था गरिदिने

काठमाडौं – भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख अतिरिक्त सचिव डा. पिके मिश्राले वर्षायाम प्रारम्भ हुनुअगावै भूकम्पपीडितलाई अस्थायी बसोबासको व्यवस्था गर्न सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । भूकम्पपछिको नेपालको पुन:निर्माणमा भारतीय सहयोगको खाका तयार गर्न तथा नेपाल सरकारका वरिष्ठ अधिकारीसँग छलफल गर्न राजधानी आउनुभएका उहाँले अस्थायी आवास निर्माणका सामग्री उपलब्ध गराउन भारत तयार रहेको बताउनुभयो । गुजरात भूकम्प व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतका रूपमा साढे तीन वर्षको अनुभव बटुल्नुभएका उहाँले प्रधानमन्त्री मोदीको विशेष निर्देशनमा आफू वैशाख १२ यता दोस्रोपटक नेपाल आएको बताउनुभयो ।

आइसीसी टी-२० विश्वकपका लागि खेलाडी छनोट

काठमाडौं – नेपाल क्रिकेट संघ (क्यान) ले आइसीसीको दुई प्रमुख अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि २२ प्रारम्भिक खेलाडी छनोट गरेको छ ।

क्यानले आइसिसी टी-२० विश्वकप छनोट तथा आइसीसी वल्ड क्रिकेट लिग च्याम्पियनसिपका लागि खेलाडी छनोट गरेको हो । यसबीच क्यानले दुईपटक

खेलाडी छनोटका लागि बन्द प्रशिक्षणको योजना बनाएको थियो । १२ वैशाखमा महाभूकम्प र २९ वैशाखकै शक्तिशाली पराकम्पनपछि क्यानले क्लोज क्याम्प राख्न सकेन ।

वैशाखको अन्तिम साता क्यानले ५० खेलाडीलाई चार समूहमा विभाजित गरी ५० ओभरको अभ्यास खेल गराउने निर्णय गऱ्यो । तर, पराकम्पनपछि क्यानको सो योजना सफल भएन ।

छनोटमा को–को ?

पारस खड्का, शरद भेसवाकर, वसन्त रेग्मी, सोमपाल कामी, करण केसी, सुभाष खकुरेल, ज्ञानेन्द्र मल्ल, शक्ति गौचन, सागर पुन, विनोद भण्डारी, भुवन कार्की, प्रदीप ऐरी, जितेन्द्र मुखिया, पृथु बास्कोटा, अनिल मण्डल, सिद्धान्त लोहनी, महबुब आलम, राजेश पुलामी, अभिनाश कर्ण, महेश क्षेत्री, सौरभ खनाल परेका छन् ।

खेलाडी र खेल पत्रकारलाई सहयोग

काठमाडौं – भूकम्पमा ज्यान गुमाएका खेलपत्रकार सुमन भोम्जनको परिवारलाई बुधबार १ लाख ५५ हजार रूपैयाँ संकलन भएको छ ।

राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत राष्ट्रिय खेलाडी कल्याणकारी कोषले भोम्जनको परिवारलाई एक लाख रूपैयाँ आर्थिक सहयोग गरेको छ । परिषद्का सदस्यसचिव युवराज लामाको अध्यक्षतामा रहेको कोषले भूकम्पमा ज्यान गुमाएका खेलाडी, प्रशिक्षकसहित खेलपत्रकारको परिवारलाई एक लाख रूपैयाँ प्रदान गरेको थियो ।

महाभूकम्पमा कराँते खेलाडी चन्द्रकुमार श्रेष्ठ, सुरज डंगोल, पारा एथलेट जितबहादुर खड्का, जुडोका अनिशा डंगोल, नीलम डंगोल, नारायण तामाङ र क्रिकेटर मनोज पण्डितको निधन भएको थियो । खेल पत्रकार सुमन भोम्जन र भलिबलका मुख्य प्रशिक्षक केशवलाल श्रेष्ठको पनि भूकम्पमा परी मृत्यु भएको थियो । भूकम्पमा परी घर पूर्णरूपमा क्षतिग्रस्त भएका १४ खेलाडीलाई पनि कोषले २०-२० हजार रूपैयाँ सहयोग गरेको छ ।

महाभूकम्पले थलियो फिल्म उद्योग

काठमाडौं – सुस्ताएको नेपाली फिल्म उद्योग महाभूकम्पले थलिएको छ । २ महिना फिल्म नलाग्दा नेपाली फिल्म नगरिलाई करोडौंको घाटा लाग्ने देखिएको छ । वैशाख र जेठमा आशातित र ठूला बजेटका फिल्म प्रदर्शनमा आउने तयारीमा थिए । तर, यी दुई महिना फिल्म प्रदर्शनमा नआउने संकेत देखिएको छ । फिल्मको प्रदर्शन कहिलेदेखि सुरु हुन्छ अझै टुंगो लागेको छैन ।

वैशाख महिनामा रेशम फिलिली, होस्टेल रिटन्स जस्ता महंगा बजेटका आशा गरिएका फिल्म हलमा लाग्ने तयारीमा थिए । जेठमा पनि यस्तै कैयौं दर्शकले प्रतिक्षा गरेका फिल्म सूचीमा थिए । तर, दुई महिना फिल्म नलाग्दा हलले त घाटा ब्यहोर्नु परेको छ ।

दुई महिनाममा ५ करोड भन्दा माथिको घाटा नेपाली फिल्मले भोग्नुपर्ने देखिएको छ ।

राहतमा कलाकार

काठमाडौं – फिल्मकर्मीहरूको अभियान 'हामी सबैका लागि'ले पाँचखालको पीपलडाँडाका भूकम्पपीडित ४० घरघुरीलाई अस्थायी टहरा बनाई बुधबार हस्तान्तरण गरेको छ ।

झण्डै सात लाख रूपैयाँ लागतमा तयार पारिएका ४० घरका नाम ४० फिल्मका नामबाटै नामाकरण गरी हस्तान्तरण गरिएको हो । टहरासँगै अभियानले खाद्यान्न पनि वितरण गरेको हो । कलाकार र फिल्मकर्मीहरूको ३ दर्जन बढीको समूहले पीडितकै जग्गामा गई श्रमदान गरेका हुन् । अभियानमा भुवन केसी, दिलिप रायमाझी, अनमोल केसी, सुरेशदर्पण पोखरेल, केकी अधिकारी, नन्दिता केसी, बेनिशा हमाल, मेलिना मानन्धर, सुरक्षा पन्त लगायत सहभागी थिए ।

GMT Calling Card

RECHARGEABLE INTERNATIONAL PHONE CARD

नेपाल लगायत विश्वका बिभिन्न मुलुकहरुमा रहेका आफन्तसँग सुपथ मुल्यमा सजिलैसँग सिधा सम्पर्क गर्नका लागि जिएमटी कलिङ्ग कार्ड नै प्रयोग गरौं ।

आफ्नो लागि एकप्रति सँधै साथमा सुरक्षित राखौं ।

क्रेडिट कार्ड अथवा नजिकको कन्भिनियन्स स्टोरमा रिचार्ज गरी सँधै प्रयोग गरौं र आफन्तसँगको सामिप्यता पनि सँधै कायमै राखौं ।

२,000 येनको रिचार्ज गरेपछि कार्डले दिने समय

iPhone/SmartPhone/Internet		Landline	
Landline	4hrs 05min	Landline	3hrs 20min
Mobile (NTC)	3hrs 56min	Mobile (NTC)	3hrs 10min
Mobile (Ncell)	3hrs 50min	Mobile (Ncell)	3hrs 08min

GMT INTERNATIONAL CO., LTD.

2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : **03-5937-5314**, Mob: **080-4150-5314**(SB)
Email: samudraparinews@gmail.com
Website : www.gmt-intl.com/card/

जिएमटी कलिङ्ग कार्ड नै किन ?

- सस्तो, राम्रो र भरपर्दो
- पब्लिक तथा ल्याण्डलाईन फोन, आइफोन, स्मार्टफोन, साधारण फोन र वेभ फोनबाट फोन गर्न सकिने
- क्रेडिट कार्डबाट पनि रिचार्ज गर्न मिल्ने
- कुनै पनि जानकारी चाहिएमा टेलिफोनमार्फत कष्टमर सर्भिस उपलब्ध

हार्दिक श्रद्धाञ्जली

हालै नेपालमा गएको विनाशकारी महाभूकम्पमा परी ज्यान गुमाउने हजारौं दिवंगत आत्माहरूको चिर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै यस दु:खद घडिमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

५0 जना कामदारको तुरुन्त आवश्यकता

● टोकियो ● साइतामा ● चिबा ● नागोया

एइज्यू, तेइज्यू र डिपेन्डेन्टलाई उच्च प्राथमिकता

通訳・翻訳業務
正社員も
同時募集

साइतामा/टोकियो

काम गर्ने समय

① 07 :00 ~ 16:00
② 08 :00 ~ 17:00
③ 21 :00 ~ 06:00
④ 00 :00 ~ 06:00
⑤ 20 :00 ~ 06:00

तलब : ९00 येन प्रति घण्टा

- कामको प्रकृति: तरकारी काटने, धुने कामका साथै बेन्तोको टपिङ सम्बन्धि
- बिदा आपसी सहमतिमा तय गरिने

चिबा

काम गर्ने समय

① 08 :00 ~ 12:00
② 10 :00 ~ 19:00
③ 14 :30 ~ 20:00

तलब : ९00 येन प्रति घण्टा

- कामको प्रकृति: बेन्तो, स्याण्डवीच सम्बन्धि
- बिदाको दिन कम्पनीद्वारा तोकिने

आइची केन/नागोया

कप रामेन उत्पादन कम्पनी

काम गर्ने समय

① 05 :30 ~ 14:30
② 06 :30 ~ 17:30
③ 07 :00 ~ 16:00
④ 09 :00 ~ 18:00

कम्पनी भित्र ५० येनमा रामेन खरिद गर्न पाइने

तलब : ९00 येन प्रति घण्टा

- बिदा आपसी सहमतिमा तय गरिने
- नागोयाको चिरपरिचित रामेन

K LINE K·LINE GROUP

Homepage: www.k–linegroup.co.jp

सम्पर्कका लागि

शाह : 080-5872-6983 निराजन :080-5433-9651 दिपेन्द्र :070-2189-4246
लामा: 090-2932-8634 रमिला : 070-2189-4244

सम्पर्क गर्ने समय : १० बजेदेखि १९ बजेसम्म